प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०५ | काठमाडौं | आइतबार, २१ साउन २०८० | Prabhab National Daily | Sunday, August 6, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

इपिजी प्रतिवेदन पाँच वर्षदेखि दराजमै

■ **जेबी योञ्जन**



- भारतीयहरूलाई नेपाल प्रवेशमा परिचयपत्र/राहदानी हुनुपर्ने र उनीहरूको अभिलेख राख्नुपर्ने सुझावले मोदी रूष्ट
- नेपाल-भारत असमान सन्धि १९५० खारेज गर्न मोदीको अस्वीकार
- प्रतिवेदन तयार भएको पाँच वर्ष भयो तर दराजमै थन्कियो

काठमाडौं- नेपाल-भारतबीच भएका असमान सन्धि सम्झौतादेखि सम्बन्धको सबै पक्षमा छलफल गरेर सरकारलाई सुझाव पेस गर्न गठित नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह 'इपिजी'ले प्रतिवेदन तयार पारेको पाँच वर्ष भयो । प्रतिवेदनमा समावेश गरिएका सुझावहरू नेपाल-भारतबीचको सम्बन्धलाई नयाँ आयाम दिने उद्देश्यमा केन्द्रित छन् । सोही प्रतिवेदन बुझ्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अनिच्छुक छन् । नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालको पनि प्रतिवेदन बुझ्नेबारे चासो छैन । प्रतिवेदन त्यसै थन्किएको छ ।

इपिजीका नेपाल संयोजक डा. भेषबहादुर थापाका अनुसार इपिजीले दुई वर्ष लगाएर प्रतिवेदन तयार गरेको हो । प्रतिवेदन सुरुमा भारतीय प्रधानमन्त्री मोदीलाई बुझाउने समूहमा सहमति भएको थियो । त्यसपछि नेपालका प्रधानमन्त्रीलाई बुझाउने र पत्रकार सम्मेलनगरी दुई देशकै जनतालाई थाहा दिने भनिएको थियो ।

तर, मोदी केही असहमति प्रकट गर्दै प्रतिवेदन बुझ्न मानिरहेका छैनन् । इपिजीका नेपाल संयोजक डा. थापाले शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रममा भने, 'इपिजीको प्रतिवेदनको साँचो मेरो हातमा छ । यो मेरा लागि भारी भएको छ । उमेरले गर्दा असहज छ । बुझाउन पाएकै छैन ।'

दुई देशका सरकारले नै गठन गरेको इपिजीले निकै लामो विचार विमर्श गरी तयार गरेको प्रतिवेदन नबुझेपछि समूह चिन्तित छ । भारतका लागि पूर्वराजदूतसमेत रहेका डा. थापाले दुवै देशको सरकारी तहमा प्रतिवेदन बुझ्ने सन्दर्भमा समस्या देखिएको बताए । यदि, दुवै देशका प्रधानमन्त्री तहबाट बुझ्ने काम नभए विकल्पबारे सोचिनेसमेत बताए ।

यसअघि प्रतिवेदन तयार गरेर हस्तान्तरण गर्न प्रधानमन्त्री मोदीसँग पटक-पटक समूहले समय मागे पनि व्यस्तताको कारण देखाउँदै उनले समय दिएनन् । इपिजीका एक जना नेपाली सदस्यका अनुसार खासमा मोदी प्रतिवेदनको केही मुद्दामा असहमत छन् । उनले प्रतिवेदन सच्याउन पनि भनेका थिए । केही प्रावधान सच्याइएको ती सदस्यले प्रभावसँग भने ।

'इपिजीको प्रतिवेदन मुख्यतः सन् १९५० को सन्धि वरिपरि रहेको छ । यदि यो प्रतिवेदन लागू भयो भने दुई देशको बीचमा अद्भूत सम्बन्ध सुधार हुन्छ । तर, पहिलो कुरा त्यो लागू हुनुपर्छ,' ती सदस्य भन्छन् ।

प्रतिवेदनमा इपिजीले नयाँ सन्धिबाट सन् १९५० को असमान सन्धि प्रतिस्थापन गर्नुपर्ने सुझाव दिएको छ । एकअर्काको देशमा लामो समय बस्ने नेपाली तथा भारतीयलाई सन्धिअनुसार के-के सुविधा दिने विषयमा पनि छलफल भएको तर त्यसमा भारतका तर्फबाट इपिजीका सदस्य भगतसिंह (बाँकी पृष्ठ २ मा)

गौरीकुण्ड पहिरो

कालिकोटका तीन जनाको मृत्यु

एकै परिवारका सात जना बेपत्ता

■ **प्रभाव संवाददाता**

- पहिरोमा परी ज्यान गुमाउने तीन जना कालिकोट खाडाचक्रका
- बेपत्ता भएका १३ जनामध्ये सात जना जुम्लास्थित पातारासी गाउँपालिका-३ चौर गाउँका एकै परिवारका
- बेपत्ताको खोजी तथा उद्धारका लागि परराष्ट्रमन्त्री एनपी साउदद्वारा उत्तराखण्डका मुख्यमन्त्री पुस्करसिंह धामीलाई आग्रह

काठमाडौं- भारतको उत्तराखण्डस्थित गौरीकुण्डमा बिहीबार राति गएको पहिरोमा परी तीन जना नेपालीको मृत्यु भएको छ । गौरीकुण्डमा गएको पहिरोमा परी १६ जना नेपाली बेपत्ता भएकामा शनिबार तीन जनाको शव भेटिएको भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले जानकारी दिए । बाँकी १३ जनाको खोजी जारी रहेको राजदूत शर्माले बताए । 'पहिरोमा परी १६ जना नेपाली नागरिक बेपत्ता भएकामा हालसम्म तीन जनाको शव भेटिएको, बाँकीको खोजतलास जारी छ,' शर्माले भने ।

पहिरोमा परी ज्यान गुमाउनेहरू कालिकोट खाडाचक्र नगरपालिका वडा १ का एक जना र वडा २ का दुई जना भएको खुलेको छ । सुतिरहेको अवस्थामा पहिरो खस्दा कालिकोट खाडाचक्र १ मान्म कोइरेल गाउँका ३९ वर्षीय प्रकाश कामी, खाडाचक्र २ मान्म धैनेडीका ३२ वर्षीय टेक विश्वकर्मा र ३८ वर्षीया देवी विश्वकर्माको मृत्यु भएको खाडाचक्र-२ का वडाध्यक्ष कविन्द्रबहादुर शाहीले बताए । रोजगारीको सिलसिलामा गत वैशाखमा भारत पुगेकाहरू बास बसेको ठाउँ नै पहिरोमा परी छाप्रो नै लगेको आफूले खबर पाएको शाहीले बताए । 'भारी वर्ष भएको रहेछ । खान खाएर सुतेको बेला पहिरो खसेछ,' शाहीले प्रभावसँग भने, 'यहाँका तीन जनाको शव भेटियो भन्ने खबर पाएका छौं ।'

एकै परिवारका सात जना बेपत्ता

पहिरोमा परी बेपत्ता भएका १३ जनामध्ये सात (बाँकी पृष्ठ २ मा)

बेपत्ताको खोजी तीव्र पार्न परराष्ट्रमन्त्रीको आग्रह

काठमाडौं (प्रस)– परराष्ट्रमन्त्री एनपी साउदले पहिरोमा बेपत्ता नेपालीको खोज तथा उद्धारका लागि भारतीय पक्षसँग आग्रह गरेका छन् ।

उनले शनिबार उत्तराखण्डका मुख्यमन्त्री पुस्करसिंह धामीलाई टेलिफोन गरेर पहिरोमा बेपत्ता भएका नेपालीको खोज तथा उद्धारका लागि आग्रह गरेका हुन् । रुद्रप्रयागको गौरीकुण्डमा गएको पहिरोमा परी नेपाली र भारतीयसहित १९ जना बेपत्ता भएका छन् ।

मुख्यमन्त्री धामीले परराष्ट्रमन्त्री साउदसँग शनिबार बिहानैबाट बेपत्ताहरूको खोजीका लागि सुरक्षाकर्मी र अन्य निकायहरू खटाइएको जानकारी दिएका थिए । धामीले रुद्रप्रयागको खराब मौसमका कारण आफ्नो गौरीकुण्ड जाने कार्यक्रम रद्द भए पनि बेपत्ताहरूको खोजीका लागि आफूले स्थानीय प्रशासनलाई निर्देशन दिइसकेको जनाएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

राजदूत शर्माले दुई पक्षबीच कुराकानी भएको पुष्टि गरेका छन् । 'माननीय परराष्ट्रमन्त्रीज्यूद्वारा उत्तराखण्डको मुख्यमन्त्रीज्यूसँग आज बिहान टेलीफोनमा कुरा गरी उद्धार कार्यलाई तीव्र बनाउन आग्रह गर्नुभएको छ,' उनले शनिबार भने ।

नेपाली कांग्रेसले पहिरोमा परी बेपत्ता (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

अभिमुखीकरण तालिम प्रदायक संस्थासँग कर्मचारी विवरण माग

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

काठमाडौं (प्रस)– वैदेशिक रोजगार विभागले इजाजतवाला अभिमुखीकरण तालिम प्रदायक संस्थासँग कर्मचारी विवरण माग गरेको छ । विभागले शुक्रबार एक सूचना जारी गर्दै विभागबाट अनुमतिप्राप्त गरी सञ्चालनमा रहेका वैदेशिक रोजगारसम्बन्धी काम गर्न इजाजतवाला यस्ता संस्थाहरूसँग कर्मचारी विवरण माग गरेको हो ।

तालिम प्रदायक संस्थाले तोकिएको मापदण्डअनुसार काम नगरेको गुनासो आएपछि विभागले यस्ता संस्थालाई तालिम सञ्चालन गरिरहेको स्थान र कर्मचारी विवरण माग गरेको विभागका सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

उनका अनुसार विभागको नियमित अनुगमन तथा आकस्मिक अनुगमनका क्रममा कतिपय तालिम प्रदायक संस्थाले तालिम सञ्चालन कार्यविधि, २०७६ को दफा ११ (अनुसूची २) मा उल्लेख भएअनुसार तोकिएबमोजिमको केही मापदण्ड पूरा नगरेको पाइएको छ ।

विभागले तालिम प्रदायक संस्थाले यथाशीघ्र कार्यविधिमा तोकिएबमोजिमको मापदण्ड पूरा गर्ने र सम्बन्धित संस्थाले हाल तालिम सञ्चालन गरिरहेको स्थान र कर्मचारी विवरण सात दिनभित्र विभागको अभिमुखीकरण तथा अनुगमन शाखामा बुझाइ अद्यावधिक गर्न आग्रह गरेको छ । विवरण नबुझाए वैदेशिक रोजगार ऐन, २०६४ अनुसार कारबाही हुने विभागद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ ।

अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूबाट मापदण्डअनुसार काम नगरेको भन्दै विभागले पटक-पटक सचेत गराउनुका साथै अनुगमन र कारबाहीसमेत गर्दै आएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई अभिमुखीकरण गराउने महत्त्वपूर्ण जिम्मेवारी भए पनि कागजीरूपमा मात्रै गर्दै आएका घटना दोहोरिँदै आएका छन् । जसले गर्दा रोजगार गन्तव्य मुलुकमा पुगेपछि श्रमिकले समस्या बेहोर्नुपरेको विभागको भनाइ छ ।

कीर्तिमानी आरोही हरिलाको सन्न्यास

■ **सिबी अधिकारी**

काठमाडौं– कीर्तिमानी आरोही नर्वेकी क्रिस्टिन हरिला (३७ वर्ष)ले प्रशंसक र सञ्चारकर्मीलाई साक्षी राख्दै शनिबार 'सन्न्यास'को घोषणा गरिन् । पाकिस्तानमा रहेको 'माउण्ट केटु'को सफल आरोहणसँगै नेपाली भूमिमा सन्न्यास लिनु उनका लागि सायद उपयुक्त समय पनि थियो ।

गत साता विश्वको दोस्रो अग्लो हिमाल माउण्ट केटुको आरोहणसँगै हरिला र शेर्पा गाइड तेञ्जिन शेर्पाले कम समयमा आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहणको कीर्तिमान कायम गरेका थिए । यसअघि यो कीर्तिमान निर्मल पुर्जाका नाममा थियो । पुर्जाले सन् २०१९ मा छ महिना छ दिनमा उक्त कीर्तिमान कायम गरेका थिए ।

सन्न्यास घोषणाका क्रममा हरिलाको बोलीमा नेपाल र नेपालीप्रतिको सम्मान र माया प्रस्ट झल्कन्थ्यो । शनिबार बिहान पाकिस्तानबाट कतार एयरलाइन्सको विमानमार्फत काठमाडौं ओर्लिएका हरिला र शेर्पालगायत आरोहीलाई प्रशंसकहरूले भव्य स्वागत गरेका थिए । उनीहरूलाई बाजासहित विमानस्थलबाट चावहिल र लैनचौर हुँदै भृकुटीमण्डपसम्म नगरपरिक्रमा गराइएको थियो ।

'केही समयका लागि म आठ हजार मिटर अग्लो हिमाल चढ्न पनि सक्छु भन्ने पनि लाग्दै छ तर मैले मेरो काम पूरा गरिसकेकी छु,' नेपाल पर्वतारोहण संघले गरेको सम्मान कार्यक्रममा उनले भनिन्, 'सन्न्यासपछिको जीवन परिवारसँग बिताउने र नेपाल आइरहने वाचा गर्छु ।'

आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गरी कीर्तिमान कायम (बाँकी पृष्ठ ५ मा)

कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **प्रभाव पब्लिकेशन प्रा.लि.** को **रेभिन्यू शाखामा कलेक्टर** पदमा कार्यरत **विदुरनाथ पौडेल** कुनै सूचनाविना कार्यालयमा अनुपस्थित भई सम्पर्कबाहिर रहेको हुँदा यस प्रा.लि.को सञ्चालक समितिको निर्णयअनुसार निजलाई सम्पूर्ण जिम्मेवारीबाट हटाइएको जानकारी गराउँदै आजको मितिबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनामार्फत आग्रह गर्दछौं । साथै, आजको मितिबाट कसैले निजसँग आर्थिक वा अन्य कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुनेसमेत जानकारी गराउँछौं ।

प्रभाव पब्लिकेशन प्रा.लि.
Shifal-7, Kathmandu, Nepal, Tel: +977-1-4373577, Whatsapp: 9761815400
E-mail : marketing2prabhab@gmail.com, prabhbadaily@gmail.com

विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०८०/०१/०१ गते देखि लागु हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

ज्याकेट विज्ञापन रू १५,00,000/-

सरकारी

पृष्ठ	रंगीन	श्यामश्वेत
प्रथम पृष्ठ	२३००/-	२१००/-
भित्री पृष्ठ	१५००/-	१४००/-
अन्तिम पृष्ठ	१९००/-	१७००/-

प्राइभेट

पृष्ठ	रंगीन	श्यामश्वेत
प्रथम पृष्ठ	२३००/-	२१००/-
भित्री पृष्ठ	१५००/-	१४००/-
अन्तिम पृष्ठ	१९००/-	१७००/-

नोट : उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन ।

प्रभाव पब्लिकेसन प्रा.लि.
धुम्बराही-४, काठमाडौं ।
फोन नं. ०१-४३७३५७७, ४३७७८११
इमेल : *marketing2prabhab@gmail.com*
वेबसाइट : *www.prabhabonline.com*

छात्रवृत्ति प्रवेश परीक्षामा पाँच हजार विद्यार्थी सहभागी



■ प्रभाव संवाददाता

काठमाडौं– काठमाडौं महानगरपालिकाले सञ्चालन गरेको छात्रवृत्ति प्रवेश परीक्षामा पाँच हजार १७२ जना विद्यार्थी सहभागी भएका छन् । परीक्षामा ८४५ जना अनुपस्थित भएको महानगरपालिकाले जनाएको छ ।

कक्षा ११ का लागि प्रदान गरिने छात्रवृत्तिका लागि महानगरको शिक्षा विभागले शनिबार प्रवेश परीक्षा सञ्चालन गरेको हो । परीक्षाका लागि तीन हजार ९१३ जना छात्र र दुई हजार १०४ जना छात्रा गरी छ हजार १७ जनाले आवेदन दिएका थिए । तीमध्ये तीन हजार ४०० छात्र र एक हजार ७७२ जना छात्रा गरी पाँच हजार १७२ जना विद्यार्थी परीक्षामा सहभागी भएका हुन् ।

'आवेदकमध्ये चार हजार १५५ जना विज्ञान विषयका थिए । यीमध्ये तीन हजार ७१३ जनाले परीक्षा दिए । एक हजार ४८४ जना व्यवस्थापन विषय आवेदकमध्ये एक हजार १८० जनाले परीक्षा दिए । २४५ जना प्राविधिक विषयका आवेदकमध्ये १७६ जना, ८९ जना कानुन विषयका आवेदकमध्ये ६९ जना, १८ जना मानविकी विषयका आवेदकमध्ये १६ जना र २६ जना शिक्षा विषयका आवेदकमध्ये १८ जना परीक्षामा सामेल भए,' महानगरको शिक्षा विभागले जानकारी दिएको छ ।

महानगरका अनुसार १५ वटा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो । परीक्षा सञ्चालन अनुगमनका लागि उपप्रमुख सुनिता डंगोल विभिन्न विद्यालयहरूमा पुगेकी थिइन् । कक्षा १० को पाठ्यक्रममा आधारित अनिवार्य गणित, विज्ञान, अंग्रेजी विषयबाट ३०/३० प्रश्न र सामान्य ज्ञानबाट १० वटा प्रश्नका बहुवैकल्पिक उत्तर राखेर वस्तुगत परीक्षा (ओएमआर) लिइएको उपप्रमुख डंगोलले बताइन् । यस प्रकारको परीक्षा प्रणाली धेरै आवेदकहरूबाट तत्काल परीक्षा लिएर मूल्यांकन गर्नका लागि उपयुक्त मानिन्छ । परीक्षार्थीले उत्तीर्ण हुन कम्तीमा ४० अंक प्राप्त गर्नुपर्छ । योग्यता क्रम निर्धारण गर्दा उच्चतम अंकलाई आधार मानिने महानगरको भनाइ छ ।

'कार्यालय स्तनपानमैत्री हुन आवश्यक'

■ शरद शर्मा

काठमाडौं– नेपालमा कार्यालयमा नै स्तनपान कक्ष नभएकाले छ महिनासम्म स्तनपान गर्न पाउने शिशुको संख्या घट्दै गएको देखिएको छ ।

धेरैजसो महिला शिशुलाई घरमा नै छाडेर कामकाजमा जाने र कार्यालयमा स्तनपान कक्ष नभएकाले शिशुले स्तनपान गर्न नपाएको बताइएको छ । सुत्केरीपछि आमा काममा फर्किनुपर्ने कारणले गर्दा स्तनपानलाई निरन्तरता दिन आमाले चुनौती व्यहोर्नुपरेको छ ।

परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालकी प्रमुख बालरोग विशेषज्ञ डा कल्पना उपाध्याय सुवेदीले आमाहरूले घरमा शिशुलाई स्तनपान गराए पनि कार्यालय समयमा स्तनपान गराउन नपाएकाले छ महिनासम्म स्तनपान गर्ने शिशुको संख्या घट्दै गएको बताइन् ।

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनमा नेपालमा छ महिनाभन्दा मुनिका ५६ प्रतिशत शिशुलाई पूर्णरूपमा स्तनपान गराइएको छ । जबकि जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदनमा ६६ प्रतिशतले शिशु जन्मेको छ महिनाभित्रमा स्तनपान गराएको थियो । यसरी १० प्रतिशतमा कमी आएको छ ।

'आमाहरूले घरमा हुँदा शिशुलाई आफ्नो दूध खुवाउनुहुन्छ, तर काममा फर्किसकेपछि कार्यस्थलको वातावरण स्तनपानमैत्री नभएकाले आमाहरूले शिशुलाई अन्य दूध खुवाउन बाध्य हुनुहुन्छ,' उनले भनिन्, 'त्यसैले पहिलेभन्दा कम शिशुले स्तनपान गर्न नपाएका हुन् ।'

कामकाजी महिलाले पनि सुत्केरीपछि काममा फर्केपछि पनि छ महिनासम्म शिशुलाई आफ्नो दूधमात्र खुवाएर पूर्णस्तनपान गराउनुपर्ने प्रमुख बालरोग विशेषज्ञ डा. सुवेदीको भनाइ छ । आमाहरूले घरमा हुँदा आफ्नो दूध खुवाउने, स्तनपान गराउने र काममा जाने बेलामा आफ्नो स्तनबाट दूध दुहेर सफा भाँडोमा राखेर शिशुलाई दिउँसो खुवाउनका लागि छाड्नुपर्ने उनी बताउँछिन् ।

उनका अनुसार यदि आमाको घरमा फ्रिज छ भने दुहेको दूधलाई २४ घण्टासम्म सुरक्षित राख्न सकिन्छ । यही फ्रिज छैन भने पनि कोठाकै तापक्रममा छदेखि आठ घण्टा सुरक्षित दूध रहन सक्छ । उनले कार्यस्थल पनि स्तनपानमैत्री हुन जरुरी रहेको बताइन् । कार्यालय समयमा बीचबीचमा स्तनपान गराउन केही समयका लागि बिदा लिन सकिने उनको भनाइ छ ।

कार्यालयमा स्तनपान कक्षको व्यवस्था हुन पनि आवश्यक रहेको उनको भनाइ छ । उनका अनुसार स्तनपान कक्षमा हात धुने ठाउँ, स्तन निचोरेर दूध राख्ने व्यवस्था, फ्रिजको व्यवस्था भयो भने आमाले आफ्नो दूध निचोरेर पटक-पटक (दुई-तीन) घण्टाको फरकमा दूध खुवाउन सकिन्छ ।

परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले धेरै महिला आर्थिक गतिविधिमा संलग्न भएकाले काममा जानुपर्ने भएको र स्तनपानमैत्री कार्यस्थल नभएकाले शिशुलाई स्तनपान गराउन नपाएको बताए ।

उनले कार्यस्थलमा आमाले स्तनपान गराउन नपाएकाले बाध्य भएर अरु वस्तुहरू खुवाउन परेको बताए । 'शिशुलाई अरु कुरा खुवाउँदा शिशु र आमाको स्वास्थ्यमा नकारात्मक असर पर्दछ,' उनले भने, 'समग्र आर्थिक तथा सामाजिक विकासमा पनि यसको नराम्रो र प्रतिकूल असर पार्दछ ।'

उनले शिशु र आमाको स्वास्थ्यमा नकारात्मक असर गर्ने भएकाले कामकाजी आमालाई कार्यस्थलमा नै स्तनपान गराउने उपयुक्त वातावरण रोजगारदाताले बनाउनुपर्नेमा जोड दिए । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा सबै रोजगारदाताले नवजात शिशुका आमालाई दुई वर्षसम्म कार्यस्थलमा स्तनपान गराउने व्यवस्था उल्लेख गरिएको छ । उनले कार्यस्थललाई स्तनपानमैत्री बनाउन आवश्यक रहेको बताए ।

नेपालसहित विश्वभरि नै यही साउन १६ देखि २२ गतेसम्म 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाको प्रतिबद्धता' भन्ने मूल नाराका साथ 'विश्व स्तनपान सप्ताह' मनाइँदै छ । स्तनपानबाट बच्चालाई कुपोषण, उच्च रक्तचाप, मधुमेहजस्ता रोग लाग्नबाट बचाउँछ भने आमालाई रक्तश्राव कम, डिप्रेसन, तथा डिम्बासय र स्तन क्यान्सरबाट बचाउन मद्दत गर्ने गर्दछ । *रासस*

इपिजी प्रतिवेदन...

पृष्ठ १ बाट जारी

कोसियारीले भारतको पक्षमा खासै केही नबोलेको आरोप लगाउँदै आएका छन् ।

इपिजीकै सदस्य तथा भारतका लागि पूर्वनेपाली राजदूत निलाम्बर आचार्यले प्रतिवेदनमा नेपाल भारतको सीमालाई नियमन तथा अनुगमन गर्नेबारे निकै महत्त्वपूर्ण सुझावहरू रहेको बताए । यसमा भारतीय नागरिकलाई लक्षित गरेर नेपालले परिचयपत्र वा पासपोर्ट नै लागू गर्नैपर्ने सुझाव मुख्य रहेको बताए ।

तर, नेपालले परिचयपत्र अथवा पासपोर्ट नै लागू गर्नुपर्ने प्रतिवेदनमा भनेको छ । उता, भारत भने पासपोर्ट लागू गरेर सीमा बन्द गर्ने पक्षमा रहेको छैन । सीमा बन्द भयो भने नेपाल-भारतबीच रहेको सदियौंको सम्बन्धमा असर पर्ने भारतको बुझाइ छ । त्यसले सीमा नियमन गर्ने तर पासपोर्ट अथवा परिचयपत्र लागू गरेर सीमा बन्द गर्ने पक्षमा भारत नरहेको पूर्वराजदूत आचार्यको बुझाइ छ ।

प्रतिवेदनअनुसार नेपाल र भारतबीच पारस्परिक सम्मान र समानताका आधारमा सम्बन्ध स्थापित गर्न सन् १९५० को शान्ति तथा मैत्रीसन्धि बाधक देखिएको कुरा उल्लेख छ । नेपालमा कायम रहेको विवादलाई सदाका लागि मत्थर पार्न सन् १९५० को सन्धि पुनरावलोकन मात्रै नभई प्रतिस्थापन गर्नुपर्ने नेपाली पक्षको प्रस्तावलाई इपिजीमा रहेका कोसियारीले पनि स्वीकार गरेको आचार्यले बताए ।

तर, प्रतिवेदन बुझ्न मोदीले नचाहनु निकै गम्भीर विषय भएको उनलाई लाग्छ । 'इपिजी प्रतिवेदन हामीले पाँच वर्षअघिदेखि बुझाउन खोजिरहेका छौं । भनिरहेका छौं । बुझ्ने काम त मोदीजीको हो । किन बुझ्न चाहनुभएको छैन, त्यो बुझेका छैनौं,' उनले प्रभावसँग भने, 'प्रतिवेदन ल्याउनुसम्म भनेका छैनन् ।'

प्रतिवेदन बुझेर अन्ततः कार्यान्वयन गरेको अवस्थामा भने नेपाल आएका भारतीयहरूको अभिलेख राखिनेछ । सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि खारेज हुनेछ । उसो त यो सन्धिको विरुद्धमा नेपालमा सन्धिमा हस्ताक्षर भएदेखि नै ठूलो जनमत छ । जबसम्म दलहरू विपक्षमा हुन्छन्, त्यसबेला नेपालको संसद् होस् वा सडकमा, साह्रै धेरै उचालिने र सत्तामा पुगेपछि भुसुक्कै बिर्सिने मूल मुद्दा नै यो सन्धि हुने गरेको छ । यतिसम्मकी सन्धिलाई असमान भएको र खारेजयोग्य भन्दै राष्ट्रवाद ओकल्छन् ।

र, इपिजी प्रतिवेदनले मैत्री सन्धि खारेज गर्नसँगै पारवहन सन्धि, वाणिज्य सन्धिलगायत अनेक सन्धिमा पुनरावलोकन गर्नुपर्ने सुझाएको पनि आचार्यले जानकारी दिए ।

१४ माघ २०७२ मा इपिजी गठन भएको हो । समूहको पहिलो बैठक २० र २१ असार २०७३ मा काठमाडौंमा बसेको थियो । समूहलाई सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिसहितका असमान सन्धिसम्झौता पुनरावलोकन तथा द्विपक्षीय विवादित विषयमा अध्ययन गरी सुझाव दिने कार्यादेश थियो । सोहीअनुसार तयार प्रतिवेदन भारतीय प्रधानमन्त्री मोदीले नबुझेपछि नेपालका प्रधानमन्त्री दाहाललाई बुझाउनुपर्ने पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेकी राष्ट्रिय सभा सदस्य डा. विमला राई पौडेलले बताइन् । उनले यदि, दाहाल र मोदीले नबुझे परराष्ट्रमन्त्रीस्तरमा र त्यसो पनि नभए परराष्ट्रसचिवस्तरमा प्रतिवेदन बुझ्ने काम गर्न सकिने बताइन् ।

यी विभिन्न विकल्पबाट पनि प्रतिवेदन नबुझिए संसद्ले बुझ्ने र जनताको तहमा लान सकिने उनको भनाइ छ । 'दुई वर्ष लगाएर तयार गरिएको प्रतिवेदन महत्त्वपूर्ण छ । यसले नेपाल-भारतबीचको सम्बन्धमा नयाँ आयाम थपिन्छ । यति महत्त्वको प्रतिवेदन त्यसै दराजमा थन्क्याएर राख्नुभएन,' उनले भनिन्, 'भयो भने प्रधानमन्त्रीस्तरमै बुझाइनुपर्छ, नभए परराष्ट्रमन्त्री वा सचिवस्तरबाट प्रतिवेदन लेनादेना गर्न सकिन्छ । कसैले नलिए संसद्ले लिएर जनतालाई थाहा दिनुपर्छ ।'

इपिजी प्रतिवेदनबारे पूर्वपरराष्ट्रमन्त्रीहरू कमल थापा, डा. प्रकाशचन्द्र लोहनी र प्रदीपकुमार ज्ञवालीसँगै इपिजी नेपालका सदस्यहरू सूर्यमान उपाध्याय र डा. राजन भट्टराईले पनि धारणा राखेका थिए ।

समूहमा भारतका तर्फबाट भने तत्कालीन भारतीय पूर्वराजदूत जयन्त प्रसाद, जवारलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. महेन्द्र पी लामा, भारतीय जनता पार्टीका उपाध्यक्ष भगतसिंह कोस्यारी र बिसी उप्रेती रहेका थिए । हाल उप्रेतीको निधन भइसकेको छ ।

कालिकोटका...

पृष्ठ १ बाट जारी

जना जुम्लास्थित पातारासी गाउँपालिका वडा ३ चौर गाउँका एकै परिवारका हुन् ।

चौर गाउँका २८ वर्षीया अमर बोहोरा, उनकी पत्नी २६ वर्षीया अनिता, १४ वर्षीया छोरी राधिका, आठ वर्षीया छोरी पिंकी, सात वर्षीय छोरा पृथ्वी, छ वर्षीय छोरा जटिल र तीन वर्षीय छोरा वकिल पहिरोमा परी बेपत्ता भएका हुन् । उनीहरूसँगै चौरगाउँकै सुखीराम रावत र बमबहादुर बोहोरा बेपत्ता भएका छन् ।

'नौ जना चौरीगाउँका बासिन्दा हुन्,' पातारासी वडा ३ का वडाध्यक्ष वृर्षराम बोहोराले प्रभावसँग टेलिफोनमा भने, 'सबैजना पाँच महिनाअघि काम गर्न केदारनाथ गएका थिए ।' अमरको परिवारले अघिल्लो वर्ष घर बनाएर तयार गरेर गएको बोहोराले बताए । 'घर तयार पारेर राखेका थिए । फिनिसिङ गर्न बाँकी थियो,' उनले भने । उनीहरू अझै नभेटिएको र खोजीमा सरकार लाग्नुपर्ने बोहोराले भाग गरे । केदारनाथ धामको पैदलयात्रा सुरु हुने स्थाननजिकै साउन १८ गते राति पहिरो गएको थियो । पातारासी-२ पेरे गाउँमा २२ वर्षीय चन्द्र नेपाली र धनराज बुढा पनि पहिरोमा परी बेपत्ता छन् ।

बेपत्ताको...

पृष्ठ १ बाट जारी

भएकाहरूको तत्काल खोजी गर्न सरकारसँग माग गरेको छ ।

'बेपत्ता नेपाली नागरिकको हरतरहले खोजी गर्न, उद्धार गरिएकाहरूको स्वास्थ्योपचारको व्यवस्था मिलाउन र तत्पश्चात् स्वदेश फिर्ता ल्याउनका लागि भारत सरकारसँग अविलम्ब पहल गर्न नेपाली कांग्रेस सरकारसँग माग गर्दछ,' शनिबार प्रेस विज्ञप्ति जारी गर्दै कांग्रेसले भनेको छ ।

त्यसैगरी प्रधानमन्त्री पुष्पकमल दाहालले पहिरोमा परी मृत्यु भएको र बेपत्ता भएको खबरले आफू मर्माहत भएको बताएका छन् । दाहालले दुखद् घडीमा मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन् । बेपत्ता नागरिकहरूको यथाशीघ्र खोजीका लागि कूटनीतिक पहल गरिएको उनले जानकारी गराएका छन् ।

Joshipur Rural Municipality

Office of the Rural Municipal Executive

Joshipur, Kailali
Sudurpaschim Province, Nepal

Invitation for Bids for The Supply and Delivery of Insecticidal Mosquito Net

[Date of first Publication : 06/08/2023 (2080/04/21 B.S.)]

1. Joshipur Rural Municipality, Office Of the Rural Municipal Executive, Joshipur Kailali invites electronic bids from eligible bidders for the procurements of goods as per table below under National Competitive Bidding procedures. Only eligible bidders should participate in this bidding.

S. N.	Contract Identification Number	Description of work	Last Date of bid Submission	Bid Opening Date	Bid security (NRs)	Bid Validity Period	Bid document price (NRs)	Remarks
1	JRM/NCB/ GOODS01/ 080/081)	Supply and Delivery of Insecticidal Mosquito Net	before 12:00 noon on 5th Sep. 2023 (2080/05/19)	13:00 PM of 5th Sep. 2023 (2080/05/19)	135000	90	3000.00	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive, Joshipur Rural Municipality, Joshipur Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

MASTA RURAL MUNICIPALITY

office of the rural municipal executive

bhatekhola, bajhang
sudurpaschim province

INVITATION FOR BID

Date of publication: (Aug-06,2023)

1.The Masta Rural Municipality Bhatekhola,Bajhang invites Online Bids from eligible bidders for the Construction of the following works.

Contract Identification no.	Description Of Work	Estimated Amount (Exclusive VAT)	Bid Doc. Fee NRs	Bid Security NRs	Bid Security Validity	Remarks
MRM-DWS-2080/81-01	Water Supply Construction Project Work AtMasta RM-1(Thana,, samdeu, malari)	5988514.84/-	3000.0/-	1790000/-	120 days	

Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .

Last Date and Time For Bid Purchase	Last Date and Time for Bid Submission	Date and Time for Bid Opening
Date:Sep-05,2023 12:00 Noon	Date:Sep-05,2023 12:00 Noon	Date:Sep-05,2023 13:00 Hour

Cash Deposit For Purchases of Bid Document		Cash Deposit For Bid Security	
Bank	Rastriya Banijya Bank, Bajhang	Bank	Rastriya Banijya Bank, Bajhang
Account Name	Masta Rural Municipality	Account Name	Masta Rural Municipality
Account Number	4110100301010006	Account Number	4110100303000006
Office Code	801077010	Office Code	801077010
Revenue Head	31159	Revenue Head	31159

Engineer
Deepak Bahadur Bohara

For Chief Administrative Officer
Amar Bahadur Jethara

टेकु घटनालाई अन्तर्राष्ट्रियकरण गर्ने आइटिसीको चेतावनी

■ प्रभाव संवाददाता

काठमाडौं– अन्तर्राष्ट्रिय तामाङ परिषद् (आइटिसी)ले तामाङ, मगरलगायत समुदायको शान्तिपूर्ण धर्नामा भएको प्रहरी दमनप्रति आपत्ति जनाएको छ । परिषद्ले शनिबार एक विज्ञप्ति जारी गरी काठमाडौं प्रहरी परिसर टेकुमा भएको उक्त घटना अन्तर्राष्ट्रिय मानवअधिकारको न्यूनतम मूल्य मान्यता र नेपालको संविधान तथा प्रचलित कानुनविपरीत भएको दोषीलाई तत्काल कारबाही गर्न सरकारसँग माग गरेको छ ।

'टेकुमा आयोजित शान्तिपूर्ण धर्नामा प्रहरीले अनावश्यक बल प्रयोग गरी चार दर्जनभन्दा धेरै निहत्था आन्दोलनकारीलाई नियन्त्रणमा लिएर परिसरभित्र लगी मरणासन्न हुनेगरी कुटपिट गरी गम्भीर घाइते बनाइयो । यतिमात्र नभई महिला आन्दोलनकारीलाई पुरूष प्रहरीहरूले जथाभावी चरम शारीरिक र मानसिक यातना दिइयो,' परिषद्का महासचिव टासी लामाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो अत्यन्तै दुःखद र निन्दनीय घटना नागरिक अधिकार, मानवअधिकार तथा कानुनी शासनविरूद्ध समेत भएकाले प्रहरी दमनप्रति अन्तर्राष्ट्रिय तामाङ परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ ।'

तामाङ, मगरलगायत समुदायको संस्कृतिबारे विवादास्पद अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डे (शीतल)लाई कारबाहीको माग गर्दै गत बुधबार काठमाडौं प्रहरी परिसर टेकुमा आयोजित धर्नामा प्रहरी हस्तक्षेप भएको थियो । प्रहरीले धर्नामा सहभागी करिब ५० जनालाई पक्राउ गरेको थियो । पक्राउ परेकाहरूलाई परिसरभित्र लगेर कुटपिट र चरम यातना दिई सख्त घाइते बनाएको भन्दै परिषद्ले उक्त घटनामा मानवअधिकार तथा कानुन उल्लंघन भएको जनाएको हो ।

'कानुन उल्लंघनकर्ता पाण्डेलाई कानुनी कठघरामा ल्याउनुपर्ने जिम्मेवारी बोकेको नेपाल प्रहरी र नेपाल सरकारले उल्टै न्याय माग्न गएका पीडितहरूमाथि दमन गरेको छ । भगवती पाण्डे र टेकुमा चरम दमन गर्ने दोषीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न नेपाल सरकारसमक्ष परिषद् जोडदार माग गर्दछ,' परिषद्ले भनेको छ ।

दोषीलाई कारबाहीका लागि सरकारले बेवास्ता गरे यस घटनालाई अन्तर्राष्ट्रियकरण गर्ने चेतावनीसमेत परिषद्ले दिएको छ । 'यदि सरकारले यस विषयलाई बेवास्ता गरेमा संयुक्त राष्ट्र संघ, आदिवासी अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरू र सरोकारवालाहरू समक्ष यस घटना संप्रेषण गर्ने र आवश्यक कारबाहीको निम्ति अनुरोधसहित घटनालाई अन्तर्राष्ट्रियकरण गर्न परिषद् बाध्य हुनेछ,' विज्ञप्तिमा उल्लेख छ । यस घटनालाई लिएर परिषद्का सदस्य संस्थाहरूले सम्बन्धित देशस्थित कूटनीतिक नियोगहरूमा ज्ञापनपत्र बुझाउने तयारी भइरहेको महासचिव लामाले जानकारी दिए ।

एक टेलिभिजन कार्यक्रममा अधिवक्ता पाण्डेले तामाङ र मगर जातिमा दाजुबहिनीबीच विवाह हुने भएकाले आनुवांशिकरूपमै ती जातिका मानिसहरू अपराधी हुन्छन् भनी दिएको अभिव्यक्तिलाई लिएर विरोध चर्किएको हो । उक्त अभिव्यक्तिले जातीय घृणा र विद्वेष फैलाउनुका साथै नेपालसहित विश्वभरिका तामाङ समुदायको आत्मसम्मान र प्रतिष्ठामा गम्भीर चोट पुगेको परिषद्ले जनाएको छ ।

परिषद्को सदस्य संस्था नेपाल तामाङ घेदुङले विवादास्पद अभिव्यक्ति दिने अधिवक्ता पाण्डेविरुद्ध प्रहरी परिसर काठमाडौंमा जाहेरी दिएको थियो । पाण्डेलाई बुधबार बिहान पक्राउ गरिए पनि साँझ छाडिएको थियो । जिल्ला अदालतले म्याद थप गरी अनुसन्धान गर्न अनुमति नदिएपछि छाडिएको प्रहरीको भनाइ छ । तर, आन्दोलनरत पक्षले भने पाण्डेलाई जोगाउने षडयन्त्र भइरहेको भन्दै आपत्ति जनाउँदै आएको छ । यसैबीच नेपाल तामाङ घेदुङ र नेपाल मगर संघले आगामी सोमबार माइतीघरमा शान्तिपूर्ण प्रदर्शन गर्ने घोषणा गरेका छन् ।

महापण्डित मरासिनीको जन्मजयन्तीमा स्रष्टालाई सम्मान

काठमाडौं (प्रस)– महापण्डित दधिराम मरासिनीको १४१औं जन्मजयन्तीको अवसरमा पत्रकार तथा स्रष्टालाई पुरस्कार प्रदान गरिएको छ ।

दधिराम मरासिनी स्मृति प्रतिष्ठानले शनिबार एक समारोहबीच साहित्यकार मीनप्रसाद गौतम, पत्रकार अर्जुन ज्ञवाली र कवि कुलचन्द्र मरासिनीलाई जनही १० हजार रूपैयाँसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेको हो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले उनीहरूलाई सम्मान गरेकी थिइन् । उनले मुलुकमा सुशासन कायम राख्न तथा जनताको आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि स्रष्टाले गरेका सिर्जना सशक्त हुने बताइन् ।

सामाजिक सेवाका माध्यमबाट राष्ट्र निर्माणमा योगदान गरेका अग्रज व्यक्तित्वलाई सम्मान गर्ने परम्पराले नयाँ पुस्तालाई पुराना अनुभव र थप ज्ञान प्राप्त हुने उनले बताइन् ।

पुरस्कृत व्यक्तित्वबाट साहित्यकार गौतमले संस्कृत व्याकरणको गहन अध्ययनबाट नेपाली साहित्यलाई समृद्ध बनाउन सकिने बताउँदै नयाँ पुस्तालाई संस्कृत भाषा सिकाउन पाठ्यक्रमको विकास गर्नुपर्नेमा जोड दिए । उनले आफू करिब तीन दशक राष्ट्र सेवाबाट निवृत्त भएपछि आत्मा दर्शन, रामगीता, तीर्थ दर्शन, सर्वधर्म आदि आध्यात्मिक कृतिको रचना गरेको जानकारी दिए ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष एवं पूर्वमन्त्री ढुण्डिराज शास्त्रीले लेखेका 'मेरो जीवन र अनुभूति' कृति सार्वजनिक गरिएको थियो ।

सेन्ट्रल फाईनान्स लिमिटेड

CENTRAL FINANCE LIMITED

Serving Your Financial Needs

Head Office: Kupondole, Lalitpur, **Tel:** 01-5970005, **Email:** info@centralfinance.com.np, **Website:** www.centralfinance.com.np

Unaudited Financial Report (Quarterly)

As at 4th quarter (2080/03/31) of the Fiscal Year 2079/80

Condensed statement of financial position

As on quarter ended Asadh 2080

ASSETS	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	819,924,087	548,457,237
Due from Nepal Rastra Bank	327,965,352	312,400,196
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loans and advances to B/FIs	168,307,309	164,624,035
Loans and advances to customers	4,912,521,150	5,011,541,067
Investment securities	1,712,506,669	1,629,346,225
Current tax assets	40,992,927	26,538,138
Investment in subsidiaries	-	-
Investment in associates	-	-
Investment property	681,270	681,270
Property Plant and Equipment	261,162,862	202,962,572
Goodwill and Intangible assets	2,331,096	1,754,451
Deferred tax assets	-	-
Other assets	51,943,708	35,159,310
TOTAL ASSETS	**8,298,336,431**	**7,933,464,502**
LIABILITIES	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Due to Bank and Financial Institutions	27,113,273	237,173,864
Due to Nepal Rastra Bank	-	300,230,137
Derivative financial instruments	-	-
Deposits from customers	6,926,490,680	6,089,460,930
Borrowing	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred tax liabilities	3,359,739	3,906,028
Other liabilities	144,103,589	91,455,848
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
TOTAL LIABILITIES	**7,101,067,281**	**6,722,226,807**
EQUITY	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Share Capital	948,875,459	948,875,459
Share premium	442,546	442,546
Retained Earnings	(2,135,770)	50,650,223
Reserves	250,086,914	211,269,467
TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS	**1,197,269,150**	**1,211,237,695**
NON-CONTROLLING INTEREST		
TOTAL EQUITY	**1,197,269,150**	**1,211,237,695**
TOTAL LIABILITIES & EQUITY	**8,298,336,431**	**7,933,464,502**

Condensed statement of profit or loss

For the quarter ended Asadh 2080

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest income	245,715,121	933,381,484	215,014,306	725,854,669
Interest expense	169,942,833	664,533,705	148,472,240	491,561,202
Net interest income	**75,772,288**	**268,847,779**	**66,542,066**	**234,293,467**
Fee and commission income	5,192,577	21,035,157	8,751,149	38,110,842
Fee and commission expense	-	-	-	-
Net fee and commission income	**5,192,577**	**21,035,157**	**8,751,149**	**38,110,842**
Net interest, fee and commission income	**80,964,865**	**289,882,936**	**75,293,215**	**272,404,309**
Net trading income	-	-	-	-
Other operating income	9,776	1,387,385	1,600,362	5,474,573
Total operating income	**80,974,641**	**291,270,321**	**76,893,577**	**277,878,882**
Impairment charge/(reversal) for loans and other losses	6,517,427	64,710,053	7,027,452	44,676,600
Net operating income	**74,457,214**	**226,560,268**	**69,866,125**	**233,202,282**
Operating expense				
Personnel expenses	27,154,753	89,513,209	26,182,439	85,780,508
Other operating expenses	15,142,324	55,168,312	12,045,057	41,178,745
Depreciation & Amortization	16,640,642	32,420,941	11,709,332	27,572,791
Operating Profit	**15,519,495**	**49,457,806**	**19,929,297**	**78,670,238**
Non operating income	104,718	263,189	682,900	1,169,357
Non operating expense	78,280	78,280	-	24,350
Profit before income tax	**15,545,933**	**49,642,715**	**20,612,197**	**79,815,244**
Income tax expense				
Current Tax expenses	4,663,780	14,892,814	8,593,735	26,354,649
Deferred Tax Expenses/(Income)	-	-	(2,529,224)	(2,529,224)
Profit for the period	**10,882,153**	**34,749,900**	**14,547,686**	**55,989,819**

Condensed statement of comprehensive income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit for the year	**10,882,153**	**34,749,900**	**49,551,419**	**55,989,819**
Gains/(Losses) from investments in equity instruments measured at fair value	42,880,746	(1,820,962)	137,504	(24,764,683)
Gains/(Losses) on revaluation	-	-	-	-
Actuarial gain/(loss) on defined benefit plans	-	-	2,303,209	2,303,209
Income tax relating to above terms	(12,864,224)	546,289	(732,213)	6,738,442
Net other comprehensive income that will not be reclassified to profit or loss	**30,016,522**	**(1,274,673)**	**1,708,500**	**(15,723,032)**
Other comprehensive income for the year, net of income tax	**30,016,522**	**(1,274,673)**	**1,708,500**	**(15,723,032)**
Total comprehensive income for the period	**40,898,675**	**33,475,227**	**51,259,919**	**40,266,788**
Basic earnings per share		**3.66**		**5.90**
Diluted earnings per share		**3.66**		**5.90**
Total comprehensive income attributable to:				
Equity holders of the bank	40,898,675	33,475,227	51,259,919	40,266,788
Non-controlling interest	-	-	-	-
Total comprehensive income for the period	**41,929,402**	**33,475,227**	**51,259,919**	**40,266,788**

Ratio as per NRB directive

Particulars	Current year		Previous year	
	This quarter	Upto this quarter (YTD)	This quarter	Upto this quarter (YTD)
Capital fund to RWA		21.51%		22.44%
Non-performing loan (NPL) to total loan		4.90%		2.59%
Total loan loss provision to Total NPL		81.62%		104.23%
Cost of Funds		10.05%		9.39%
Credit to Deposit Ratio		74.44%		83.23%
Base Rate		13.01%		11.65%
Interst Rate Spread		4.59%		4.92%

Statement of distributable profit

PARTICULARS	ASHAD END 2080	ASHAD END 2079
Net profit or (loss) as per statement of Profit or loss	34,749,900	55,989,819
Appropriations:		
a. General reserve	(6,949,980)	(11,197,964)
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	(347,499)	(559,898)
e. Employees' training fund	(1,686,267)	(1,316,668)
f. Other	2,142,423	1,507,264
Profit or (loss) before regulatory adjustment	**27,908,577**	**44,422,553**
Regulatory adjustment :		
a. Transferred to Regulatory Reserve	(33,250,797)	(6,452,525)
b. Transferred from Regulatory Reserve	-	2,828,473
Net Profit for the Quarter Ended Ashad 2080 available for distribution	**(5,342,220)**	**40,798,501**
Opening Retained Earning as on Shrawan 1, 2080	50,650,223	106,765,649
Bonus Share issued	-	(67,839,749)
Cash Dividend Paid	(47,443,773)	(29,074,178)
Total Distributable profit or (loss) as on Quarter End date	**(2,135,770)**	**50,650,223**
Annualised Distributable Profit/Loss per share	-0.23%	5.34%

Notes:

1. Above Financial Statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve -outs.
2. Following alternative treatment has been implied by the financial institution with respect to the Carve-out published by the Institute of Chartered Accountants of Nepal:
   a. The financial institution has not restated the figures relating to corresponding quarter of the previous year.
   b. The financial institution recognized impairment of loans and advances at higher of loan loss provision required as per the directives issued by Nepal Rastra Bank and impairment amount determined as per Para 63 of NAS 39.
   c. The financial institution has not recognized interest income on loans and advances based on the effective interest rate due to impracticability of determination of transaction cost. All such costs have been directly charged off to Statement of profit or loss.
3. Figures presented above may vary with the audited figures as per the instruction or requirement of the banking regulator and/or statutory auditor.
4. Loans and advances are presented net of impairment charges and includes staff loans and advances.
5. Personnel expenses includes provision for staff bonus which has been calculated as per provision of Bonus Act and amortization of the deferred employee benefits of subsidized loans provided to employees.
6. Figures are regrouped and reclassified wherever necessary.
7. A detailed interim financial report has been published in the financial institution's website https://www.centralfinance.com.np

आ. व. २०७९/८० को चौथो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

१. वित्तीय विश्लेषणः

क) (१) यस त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(२) यस संस्था र तोकिए बमोजिम सम्बन्धित पक्षबीच कुनै कारोबार नभएको ।

ख) २०८० आषाढ मसान्तमा यस संस्थाको प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेको छ ।

१) प्रति शेयर आम्दानी रु. ३.६६ (वार्षिक) **२)** मूल्य आम्दानी अनुपात रु. १०७.३८ **३)** प्रति शेयर नेटवर्थ रु. १२६.१८ **४)** प्रतिशेयर कूल सम्पत्तिको मूल्य रु. ८७४.५४ **५)** तरलता अनुपात ३५.५९

२. व्यवस्थापकीय विश्लेषणः

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएनभएको सोको प्रमुख कारण सम्बन्धी विवरणः यस त्रैमासिक अवधिमा वित्तीय बजारमा तरलताको संकट देखिए तापनि संस्थाले उचित तरलता कायम राख्दै कारोबार संचालन गरेको छ । साथै संस्थाको आम्दानी सन्तोषजनक रुपले वृद्धि भएको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः संस्थाको स्रोत संकलन र परिचालनको दायरा अझ फराकिलो बनाउन काठमाण्डौ उपत्यकाबाहिर शाखा कार्यालय विस्तार गरी सेवा विस्तार गर्ने, संस्थाको कारोबारलाई आधुनिकीकरण गर्ने र संस्थाका Stakeholder का प्रत्यक्ष चासोका विषयमा योजनाबद्ध रुपमा कार्य गरी समग्र रुपमा शेयरधनीको हित अभिवृद्धि (Value Maximization of Shareholder) तर्फ व्यवस्थापन कटिबद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा यस अवधिमा वित्तीय बजारमा तरलताको अभाव रहे तापनि यस संस्थाको मौज्दात, आम्दानीमा आशानुकुल वृद्धि भएको छ भने यस संस्थाले तरलताको उचित व्यवस्थापन गरेको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरणः

क) उल्लेखित त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएका भए : यस त्रैमासिक अवधिमा यस संस्था वा संस्था विरुद्ध कुनै मुद्दा मामिला नरहेको ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा मामिला नरहेको ।

ग) यस संस्थाको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा मामिला नरहेको ।

४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः

क) धितोपत्र बजारमा सूचीकृत रहेको यस बैंकको शेयरको कारोबार मूल्य खुल्ला बजार निर्धारण गर्ने भएकोले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनत्तम र अन्तिम मूल्य, कुल कारोबार भएको दिन र कुल कारोबार भएको संख्या र शेयर विवरण देहाय बमोजिम रहेको छ ।

१) शेयरको अधिकतम मूल्य : रु. ४२३ **२)** शेयरको न्यूनत्तम मूल्य : रु. २७५.५० **३)** शेयरको अन्तिम मूल्य : रु. ३९३ **४)** कारोबार भएको कूल दिन : ६२ **५)** कारोबारको संख्या : ८१५५

५. समस्या र चुनौतीहरुः

हाल बजारमा व्याप्त निक्षेपको बढ्दो व्याजदर प्रतिस्पर्धा र पूँजी विस्तार लगायतका कारणले बैंकिङ्ग क्षेत्रले अपेक्षित प्रतिफलदर कायम राख्न ठूलो चुनौती थपिएको देखिन्छ भने निक्षेपको वृद्धिदर कर्जा सापटको भन्दा कम रहँदा तरलता संकुचनले थप लगानी विस्तारमा अंकुश लागेको देखिन्छ । यद्यपी यस संस्थाले यस चुनौतीलाई स्वाभाविक, सहज रुपमा लिँदै योजना अनुरुपको लक्ष्य हासिल गर्नेमा विश्वस्त रहेको छ ।

६. संस्थागत सुशासनः

संस्थागत सुशासन स्वनिर्देशित हुनुपर्ने मान्यतामा व्यवस्थापन विश्वास गर्दछ । नियमनकारी निकायहरुद्वारा जारी निर्देशनहरु तथा प्रचलित ऐन कानुनहरुको संस्थाले सदैव पालना गर्दै आएको छ ।

७. सत्यतथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्नुपर्ने र निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

डेंगी नियन्त्रण अभियान प्रभावकारी बनाऊ

मुलुकभर डेंगी संक्रमणको जोखिम दिनानुदिन बढ्दो छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर संक्रमितको संख्या सात हजार नाघेको छ । कोशी प्रदेशमा सबैभन्दा धेरै संक्रमित देखिएको छ । हालसम्म सुनसरीमा चार हजार ६७९ जना संक्रमित भइसकेका छन् । कोशीमामात्रै पाँच हजार १०१ जनामा डेंगी संक्रमण भइसकेको छ । धादिङमा ८२९, काठमाडौंमा ११९, दार्चुलामा १९१ र कास्कीमा २१४ वटा डेंगीका केस भेटिएको छ ।

हालसम्म ७० जिल्लामा डेंगी पुष्टि भइसकेको छ। डेंगीबाट यो वर्ष सात जनाको मृत्यु भइसकेको छ। संक्रमणबाट ज्यान गुमाउनेमा छ जना सुनसरीका हुन् भने एक जना उदयपुरका। हिमाली जिल्ला रसुवामासमेत डेंगी संक्रमित फेला परेको छ। अघिल्लो वर्ष डेंगीले महामारीकै रूप लिएको थियो। ५४ हजार ७८४ डेंगी संक्रमण भएका थिए। संक्रमितमध्ये ८८ जनाले ज्यानै गुमाए। २० वर्षअघि वि.सं. २०६१ मा नेपालमा पहिलोपटक डेंगी देखापरेको थियो। त्यसयता क्रमशः बढ्दै गएको तथ्यांकले देखाउँछ। सन् २०१० मा पहिलोपटक ९१७ जनामा डेंगीको संक्रमण देखिएको थियो भने पाँच जनाको मृत्यु भएको थियो। सन् २०१९ मा १७ हजार ९९२ संक्रमित र छ जनाको मृत्यु भएको थियो।

डेंगीको मुख्य लक्षण एक्कासि उच्च ज्वरो आउने र पाँचदेखि छ दिनसम्म ज्वरो रहने हुन्छ । उनका अनुसार आँखाको गेडी दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने र ज्वरो आएको पाँच दिनपछि रातो बिमिरा देखापर्ने लक्षण देखिनसक्छ ।

डेंगी संक्रमण भएका ८० प्रतिशतलाई लक्षण नदेखिने र पाँच प्रतिशत गम्भीर बिरामी हुने विज्ञको भनाइ छ । बिरामीलाई उपचारको विधि पनि खासै केही छैन । एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल संक्रमण, डेंगीको सेरोटाइप प्रत्येक वर्ष परिवर्तन हुने गरेको छ। एडिस जातको लामखुट्टेको अण्डा एक वर्षसम्म जीवित रहन्छ। यो लामखुट्टे दिउँसोको समयमासमेत बढी सक्रिय हुने गर्दछ ।

डेंगीबाट बच्ने एकमात्र उपाय हो लामखुट्टेको टोकाइबाट जोगिनु। संक्रमण भएपछि कसरी जोगिने ? यसका लागि सरकारले कुनै तयारी गरेको देखिँदैन । अस्पतालहरूमा बेडको जोहो कसरी गर्ने ? पूर्वतयारी नहुँदा अहिले सुनसरीको धरान क्षेत्र आतंकित छ । ७० भन्दा बढी जिल्लामा फैलिसकिएको डेंगी नियन्त्रणका लागि सरकारले तत्कालै प्रभावकारी कदम चाल्नुपर्छ । महामारीको रूप लिन लागेको डेंगी नियन्त्रणमा सरकार गम्भीर बनोस् ।

मनन्योग्य

चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः

सूचना प्रविधि क्षेत्रमा नयाँ पुस्ताको रहरलाग्दो आकर्षण

नरेन्द्र केसी

> युवाहरु गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरु सक्रिय रहेको तथ्यले युवाहरुमाथि लाग्ने आरोप खण्डित गरेको छ । साँच्चिकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक मुद्रा भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरुलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन् । विश्वबजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ ।

नेपालमा परम्परागतरूपमा अर्थतन्त्रका पाँच आधार भनेर कृषि, जलस्रोत, पर्यटन, उद्योग र जनशक्तिलाई लिने गरिन्थ्यो । तर, पछिल्लो एउटा नयाँ क्षेत्र थपिएको छ- सूचना तथा सञ्चार प्रविधि । केही दिनअघिमात्रै इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)ले सार्वजनिक गरेको एक प्रतिवेदनको नतिजाले यो तथ्य अझ बलशालीरूपमा पुष्टि भएको छ । सो प्रतिवेदनअनुसार नेपालमै बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करिब साढे ६६ हजार आइटी जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रूपैयाँभन्दा बढी आम्दानी भइरहेको छ ।

नेपालमा आइटी क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रूपैयाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको उल्लेख गर्दै प्रतिवेदनमा सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको देखिएको छ। आइटी सेवा निर्यातबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा सन् २०२२ मा ६४.२ प्रतिशतले वृद्धि भएको, १०६ वटा कम्पनीमार्फत र फ्रिलान्सर गरी ६६ हजार ५०९ जनाले आइटीसम्बन्धी काम गरिरहेको जुन तथ्य सार्वजनिक भएको छ, यो नेपालको सूचना प्रविधिमा भएको निकै महत्त्वपूर्ण प्रगतिको सूचक हो ।

धेरै कोणहरूबाट यो सूचक महत्त्वपूर्ण छ । पहिलो कुरा त अब नेपालमा सूचना तथा सञ्चार प्रविधि अर्थतन्त्रको महत्त्वपूर्ण आधार हो भन्ने तथ्य स्थापित भएको छ । हिजो सूचना तथा सञ्चार प्रविधिलाई विलासिता वा मनोरञ्जनको साधनमात्रै मान्ने अवस्था थियो । अब आवश्यकताका आधारमा सूचना प्रविधि मानव जीवनका लागि नभई नहुने साधन बनेको छ भने आयआर्जनका हिसाबले पनि अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा स्थापित हुँदै गएको पुष्टि भएको छ ।

दोस्रो, नेपालबाट बर्सेनि ठूलो संख्यामा बौद्धिक पलायन भइरहेको छ । कक्षा १२ उत्तीर्ण गरेपछि उच्च शिक्षामा नाममा ठूलो संख्यामा युवा विदेशिएका मात्र छैनन्, उनीहरूसँगै ठूलो परिमाणमा पुँजी पनि बाहिरिएको छ । यसले नेपाली समाजमा आर्थिक, सामाजिक र मनोवैज्ञानिक समस्या सिर्जना गरिरहेको छ । आर्थिकरूपमा वैदेशिक अध्ययनका नाममा ठूलो रकम बाहिरिएको छ भने सामाजिकरूपमा परिवारहरू विखण्डित हुन थालेका छन् । यसबाट समाजमा मनोवैज्ञानिकरूपमा पनि ठूलो असर पारेको छ ।

सन्तानलाई जति माया गरेर हुर्काए पनि, लेखाए पढाए पनि अन्ततः विदेश नै जाने हुन् भन्ने मानसिकताले धेरैको दिमागमा घर गर्न थालेको छ । यो बेलामा देशभित्रै बसेर पनि उच्चस्तरको आयआर्जन गर्न सकिन्छ भन्ने तथ्य सूचना तथा सञ्चार प्रविधिको क्षेबाट पुष्टि हुनुले नयाँ पुस्तालाई देशपभित्रै बसेर भविष्य खोज्ने बाटो देखाउने छ । यो आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महत्त्वपूर्ण सन्देश हो ।

तेस्रो, युवाहरूमाथि पनि ठूलो प्रश्न छ। युवाहरू गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेको तथ्यले युवाहरूमाथि लाग्ने आरोप खण्डित गरेको छ । साँच्चिकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक मुद्रा भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरूलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन्। विश्वबजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ ।

चौथो, नेपालले अहिले ठूलो व्यापार घाटा व्यहोरिरहेको छ । निर्यातभन्दा आयात दशौं गुणा बढी हुने अवस्थाका कारण देशको अर्थतन्त्र निकै कमजोर सावित हुँदै गएको छ। अहिलेसम्म वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषण र केही हदसम्म पर्यटकबाट भित्रने वैदेशिक रकमले वैदेशिक मुद्रा सञ्चितिमा योगदान गरिरहेको अवस्था थियो । योसँगसँगै अब वस्तु बेचेरमात्रै वा श्रमिक बाहिर पठाएरमात्रै होइन, देशभित्रै बसेर सेवा निर्यात गरेर पनि आयआर्जन गर्दा यसले परोक्षरूपमा व्यापार घाटा कम गर्न र वैदेशिक मुद्राको सञ्चिति बढाउन सहयोग गर्नेछ ।

सरकारको भूमिका

पछिल्लो समय सरकारले सूचना तथा सञ्चार प्रविधिको विकासलाई निकै महत्त्व दिएको छ। रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मा सम्हालिसकेपछि सञ्चार प्रविधिको विकासलाई निकै प्राथमिक एजेण्डाको रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । उहाँले मन्त्रीको पदभार ग्रहण गर्दा देशभरिका राजमार्गमा सहज दूरसञ्चार सेवा पुऱ्याउने गरी 'हाइवे कनेक्टिभिटी'को नारा अघि सार्नुभयो भने त्यसपछि झण्डै छ महिनाको अवधिमा दर्जनौं बैठक सम्बद्ध निकायहरूको औपचारिक अनौपचारिक बैठक बोलाएर त्यसको कार्यान्वयनलाई नजिकबाट नियालिरहनुभएको छ । परिणामस्वरूप दूरसञ्चार क्षेत्रमा सुधारका संकेत देखापर्न थालेका छन् ।

मन्त्री शर्माले पदभार ग्रहण गर्दैगर्दा सरकारी सर्भरमा अवरोध सिर्जना भएको घटनाप्रति गम्भीर बन्दै सूचना प्रविधि क्षेत्रका विज्ञहरूको उच्चस्तरीय समिति बनाएर अध्ययन प्रतिवेदन ग्रहण गरी कार्यान्वयनमासमेत लैजानुभएको छ । महत्त्वपूर्ण सवाल छ यो छ कि 'आधुनिक जीवनको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई प्राथमिकता एजेण्डामा राखेको छ । सरकारको कूल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको छ । नवप्रवर्तन र उद्यमशीलता विकास गर्न 'स्टार्टअप इको सिस्टम' विकास गर्ने, उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न इन्क्युवेसन सेन्टर सञ्चालन गर्ने, नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि निःशुल्क गर्ने, अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्ने, लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुनेगरी राष्ट्रिय पोर्टल तयार गर्ने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका व्यवस्था यो वर्षदेखि सुरु गरिएको छ ।

त्यसैगरी सूचना प्रविधिको उद्योगमा वैदेशिक लगानीको सीमा यसै वर्षदेखि हटाइएको छ । सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्ने उद्योगले गरेको विदेशी मुद्रा आर्जनको १० प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भइसकेको छ ।

सरकारले चालु आर्थिक वर्षमा सूचना प्रविधिमा बिजनेस प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङजस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छ । यसले देशभित्रै बसेर विभिन्न देशको काम गरी सेवा निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गर्ने छ । त्यसो हुन सके डिजिटल अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने छ । सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कूल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको जुन तथ्य बाहिर आएको छ । सन् २०२३ र त्यसपछि क्रमशः यसमा उल्लेख्य वृद्धि हुने निश्चित छ किनकि अब सूचना तथा सञ्चार प्रविधि राज्यको प्राथमिकता एजेण्डा बनेको छ ।

अझै पनि नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासका लागि थुप्रै चुनौतीहरू छन् । सूचना प्रविधि क्षेत्रको विकासका लागि प्रतिस्पर्धी क्षमता विकास, व्यावसायिकता वृद्धि, उच्च गतिको भरपर्दो इन्टरनेट सेवा, सूचना प्रविधि पूर्वाधार, आवश्यक नीति र कानुन, सरोकारवालाहरूबीचको समन्वय र सहकार्य आदि चुनौती विद्यमान छन् । यी चुनौती क्रमशः न्यून हुँदै जाने छन् किनकि यसमा राज्यको गहिरो ध्यान गएको छ ।

विश्वबजारमा जुन क्षेत्रमा जनशक्ति माग भइरहेको छ, त्यसको अध्ययन गरी नेपालभित्रै सहज पठनपाठनका लागि पनि सरकारले पहल गरिहेको छ। सूचना प्रविधिमा स्नातक गरेका विद्यार्थीहरूलाई सेवा प्रवेशका लागि सहयोग पुग्नेगरी निश्चित अवधि तोकेर तालिम प्रशिक्षणको व्यवस्था गर्ने गरी तयारी थालिएको छ भने सूचना प्रविधिको क्षेत्रमा छोटा व्यावसायिक तालिमको गृहकार्य भइरहेको छ।

सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि योजनाबद्ध पहल सुरु गरेको छ। यस क्षेत्रमा दक्ष जनशक्तिको आकर्षण बढाउनका साथै उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि विषयमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा छात्रवृत्ति प्रदान गर्ने र सार्वजनिक सेवा क्षेत्रमा कार्यरत दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु गरिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा सूचना प्रविधिको अध्ययन अनुसन्धानमा लागेका संस्था र व्यक्तिलाई आविष्कार र नवप्रवर्तनमा थप आकर्षित गर्ने गरी देशभरिबाट हजारौं प्रतिभाहरू सहभागी हुने गरी राष्ट्रियस्तरको प्रतिस्पर्धा गराउने डिजिटल च्याम्पियन, आइटी एक्जिविसन, व्यावसायिक तालिमलगायतका नयाँ कार्यक्रम अघि सारिएको छ । सूचना प्रविधिको क्षेत्रमा आवश्यक नीति र कानुन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्माले सार्वजनिक आह्वान गरेजस्तै 'अब नेपालबाट श्रमिक होइन, सेवा निर्यात गर्ने' लक्ष्यलाई राष्ट्रिय महत्त्वको लक्ष्यको रूपमा अघि बढाउन आवश्यक छ। सरकारको सहजीकरण र यस क्षेत्रमा संलग्न संस्था, विज्ञ तथा सूचना प्रविधिकर्मीहरूको समन्वयात्मक पहलकदमीद्वारा सूचना प्रविधिको क्षेत्रबाट देशको समृद्धिको आधार निर्माण गर्ने वातावरण सिर्जना गर्न ढिलाइ गर्नु हुँदैन। सूचना तथा सञ्चार प्रवधि क्षेत्रमा देखिएको नयाँ पुस्ताको रहरलाग्दो आकर्षण र उत्साह राष्ट्र निर्माण र समृद्धिको गतिलो आधार बन्नसक्छ भन्ने तथ्य सबै पक्षले आत्मसात गर्नु आवश्यक छ।

(लेखक सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ हुन्)

पत्र-मञ्जुषा

मन्दीको प्रभावमा सर्वसाधारणदेखि व्यवसायीसम्म

आम सर्वसाधारण वा व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर वा व्यवसायमा मन्दी आएर धमाधम आत्महत्या गरिरहेका छन् । बजारमा आएको आर्थिक मन्दीका कारण आमनागरिक र व्यवसायीहरू आत्महत्याको बाटो रोज्न बाध्य हुँदासमेत सरकार लाचार बनिरहेको छ ।

यता, बैंक तथा वित्तीय संस्थाहरू भने अहिले पनि आफूले यति र उति नाफा कमाउने भन्दै प्रचारप्रसार गरिरहेका छन्। बजार पूरै मन्दीमा छ। बैंकमा पैसा राखेकाले समेत आफ्नो बचत भटाभट निकालेका छन्। बैंकले कर्जा प्रवाह गर्न नसकेको व्यापक हल्ला छ ।

अनि हामीले यति आम्दानी गऱ्यौं, यति नाफा भयो भनेर बैंकले भनिरहँदा अधिकांशको प्रश्न एउटै छ, 'के यिनीहरूले पैसा चोर्ने त गरेका छैनन् ?' अहिले उद्योग वाणिज्य व्यवसायी महासंघका अध्यक्ष चन्द्र ढकाल, पूर्वअध्यक्ष शेखर गोल्छालगायत मुलुकको अर्थतन्त्र छ दशकअघिको अवस्थामा पुगेको दाबी गर्छन् ।

बैंकमा एक लाखको चेक लिएर गएमा अर्को शाखा पठाइन्छ। त्यहाँबाट पनि अर्को शाखा पठाइन्छ। अनि एक लाख बचत फिर्ता गर्न नसक्ने बैंकले यति र उति नाफा भयो भनेर भन्नु लज्जास्पद पनि छ । बजारको कुरा गर्ने हो भने घरजग्गा, गाडी र सेयरको कारोबार पूरै ठप्प छ।

करिब तीन वर्षअघि दुई करोडमा किनेको घडेरी अहिले पैसाको खाँचो परेर यसको आधा मूल्यमा बेच्छु भन्दासमेत बिक्दैन । सेयर र गाडीको पनि यही अवस्था छ । अनि यस्तो हुँदा बैंकले केमा लगानी गरेर नाफा कमायो ? भाटभटेनी सुपरमार्केटका सञ्चालक मिनबहादुर गुरुङका कारण मुलुकका अधिकांश बैंक डुब्ने अवस्थामा पुगेका छन्।

यता, बालुवाटारस्थित ललिता निवासको जग्गा काण्डका कारण पनि धेरै बैंक टाट पल्टिने जस्तो देखिएको छ। गुरुङ त ललिता निवासको जग्गा प्रकरणमा समातिए नै। त्यसरी नै अब सरकारी तथा गुठीका जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा चन्द्र ढकाल पनि समातिने अधिकांशको भनाइ छ ।

बागलुङ घर भएका ढकालको गरिब परिवारमा जन्म भएको थियो । तर, काठमाडौं छिरेपछि उनले वनजंगल, सरकारी, गुठी, सार्वजनिकलगायत जग्गा व्यक्तिको नाममा दर्ता गरी करोडौं सम्पत्ति आर्जन गरे। अहिले मुलुकको नाजुक अवस्थामा पुग्दा र व्यवसायीहरूले आत्महत्याको बाटो रोज्दा समेत ढकाललाई केही मतलब छैन ।

उनी उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत हुन् । अध्यक्षको काम, कर्तव्य, जिम्मेवारी र दायित्व भनेकै उद्योगी, व्यवसायीहरूको संरक्षण गर्नु र मुलुकको अर्थतन्त्रमासमेत टेवा पुऱ्याउनु हो । तर, यसतर्फ ढकालको ध्यान गएको छैन । उनी आफ्नो पेट भर्नतिर मात्र लागिपरेका छन् ।

पछिल्लो समय नेपालका अर्थविद्, विज्ञहरू मुलुकको अर्थतन्त्रबारे बोल्दैनन् । किनकि उनीहरूले पनि थाहा पाइसकेका छन् कि मुलुकको अर्थतन्त्र डुबिसकेको छ। केही दिनअघि मात्रै राजधानीको माइतीघर मण्डलामा विगत दुई महिनादेखि आन्दोलनरत रहेका सहकारीपीडित बचतकर्ताहरू सरकारले आफूहरूको माग पूरा नगरेको भन्दै सडकमै लम्पसार परे ।

अहिले बजारमा ५०० र हजारको नोट पाउनै मुस्किल छ । व्यापारी तथा सर्वसाधारणले आ-आफ्नो घरमा पैसा लुकाइसकेका छन् । त्यसैगरी, सरकारी सेवामै कार्यरत कर्मचारी, ज्येष्ठ नागरिकलगायतले तलबभत्ता नपाएको पनि व्यापक गुनासो छ । अहिले महँगीले सीमा नाघेको छ।

बेरोजगारीका कारण दिनदहाडै हत्या, हिंसा, चोरी र लुटपाटका घटना बढिरहेका छन् । तर, विडम्बना हाम्रो सरकार र हाम्रा सांसद यो कुराबाट अनजान छन् । मुलुक श्रीलंकाको बाटोमा पुगिसकेको छ । तापनि जनप्रतिनिधि, सरकारी कर्मचारी, सांसदलगायतहरू अहिले पनि तलबभत्ता र सेवासुविधा त्याग्न तयार छैनन् ।

सरकारको आम्दानीको स्रोत सुक्दै गएको छ, तर खर्च भने दिनप्रति दिन बढिरहेको छ । अब नेपाल सरकारले विदेशीसँग दिएको ऋण तिर्न नसके नेपाल विश्व कालोसूचीमा पर्ने छ । तब न नेपाल रहन्छ न त नेपाली । त्यत्तिबेला अर्थतन्त्र होइन देश नै रहँदैन । यदि सरकारले समयमै ध्यान नदिए मुलुकमाथि विदेशी हस्तक्षेप लाग्न धेरै समय लाग्दैन ।

– रामचन्द्र खत्री, कीर्तिपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

गौर हत्याकाण्डका पीडितलाई न्याय दिलाउने प्रतिबद्धता

काठमाडौं (प्रस)– प्रधानमन्त्री पुष्पकमल दाहालले रौतहटको गौर हत्याकाण्डका पीडितलाई न्याय दिलाउने बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार पीडितहरूसँगको भेटमा उनले पीडितसँग वार्ताका लागि छिट्टै गृहसचिवको संयोजकत्वमा समिति बनाउने बताए ।

सोह्र वर्षअघि गौरमा भएको घटनामा परेर तत्कालीन नेकपा (माओवादी) का २७ कार्यकर्ताको निधन भएको थियो । सो घटनाका पीडितले विभिन्न माग राखी आन्दोलनका कार्यक्रम सार्वजनिक गरेपछि प्रधानमन्त्री दाहालले वार्तामार्फत समस्याको समाधान गर्ने प्रतिबद्धता जनाएका हुन् । प्रधानमन्त्री दाहालको निजी सचिवालयका सहसचिव अर्जुन भण्डारीले यही साउन १८ गते पीडित संघर्ष समितिका रूपसागर उपाध्यायलाई वार्तामा आउन आग्रह गर्दै पत्राचार गरेका थिए ।

‘गौर हत्याकाण्ड पीडित संघर्ष समितिका माध्यमबाट विभिन्न मागसहित आन्दोलन गर्ने जानकारीप्रति प्रधानमन्त्रीको ध्यानाकर्षण भएको छ । संघर्ष समितिका मागका सम्बन्धमा वार्ता/संवादका माध्यमबाट तत्काल समाधान गर्न प्रधानमन्त्री दाहालबाट निर्देशनसमेत भएकाले आन्दोलनका कार्यक्रम फिर्ता लिई वार्ता/संवादमा आउन हार्दिक अनुरोध छ,’ उक्त पत्रमा उल्लेख छ ।

सोही पत्रका आधारमा शनिबार प्रधानमन्त्री दाहाल र सो घटनाका पीडितबीच प्रधानमन्त्रीनिवासमा छलफल भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ ।

धादिङमा फैलिँदै आँखा पाक्ने रोग

मलेखु– धादिङमा केही दिनयता आँखा पाक्ने रोगको संक्रमण फैलिन थालेको छ । जिल्ला सामुदायिक आँखा केन्द्रमा दैनिक ७० जनाभन्दा बढी बिरामी आँखा जचाँउन आउने गरेका छन् । उपचारका लागि आउनेमध्ये ४० देखि ४६ जनामा आँखा पाक्ने समस्या भेटिएको छ ।

एक्कासि आँखा रातो हुने, पोल्ने, घाममा हेर्न नसक्ने समस्या लिएर आउने बिरामीको संख्या एक सातादेखि झण्डै दोब्बरले बढेको केन्द्रका नेत्र अधिकृत डा. रामसिंह तामाङले बताए । ‘दैनिक आँखा पाक्ने समस्या लिएर आउने बिरामीको संख्या बढिरहेको छ । समुदायस्तरमा यसको संक्रमण फैलिसकेको छ,’ उनले भने, ‘बालबालिका र युवामा यो समस्या बढी देखिएको छ ।’

आँखा पाक्ने रोग उपचारका लागि विभिन्न सरकारी, निजी अस्पताल तथा क्लिनिकमा बिरामीको चाप बढेको तामाङले बताए । प्रदूषित हावा र मौसमका कारण यसको संक्रमण फैलिरहेको चिकित्सकको भनाइ छ ।

यसबाट बच्न संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, कपडा, ओछ्यानलगायत सामान अरुले प्रयोग नगर्ने, पटकपटक हातमुख धुने, संक्रमित व्यक्तिको नजिक नजाने, कालो चश्मा लगाउने, आँखा जाँच गराएर चिकित्सकको परामर्शअनुसार औषधिको प्रयोग गर्नुपर्ने नेत्र अधिकृत डा. तामाङले सुझाव दिए । ‘धुवाँधुलोबाट जोगिन सकियो भने पनि घरमा बसेर यो रोगबाट बच्न सकिन्छ,’ उनले भने ।

हाल जिल्ला सदरमुकाम धादिङबेँसी आसपासमा यसको संक्रमण बढी देखिएको छ । विद्यालयका बालबालिकामा समेत यो रोग फैलिइसकेकाले सचेत रहन चिकित्सकले आग्रह गरेका छन् । जिल्लामा खनियाबास, गजुरी, ज्वालामुखी, सल्यानटारलगायत पालिकामा आँखा केन्द्र सञ्चालनमा छन् । *रासस*

कीर्तिमानी आरोही...

पृष्ठ १ बाट जारी

गर्ने उनको अभियान गत अप्रिलमा चीनको सिसापाङमा हिमाल आरोहणसँगै सुरु भएको थियो । उक्त लक्ष्य ९२औं दिनमा माउण्ट केटुको आरोहणसँगै पूरा भएको छ ।

९२ दिनमै १४ वटा हिमाल चढ्न कति सहज भयो त ? सञ्चारकर्मीको जिज्ञाशामा हरिलाले भनिन्, ‘हिमाल आरोहण सहज वा गाह्रो कस्तो हुन्छ भन्ने त्यहाँको मौसम र परिस्थितिले निर्धारण गर्छ, गत वर्ष हिमाल आरोहण सहज थियो भने यस वर्ष भने बाक्लो हिउँ परेकाले केही अप्ठचारो पनि भयो ।’

हरिला र शेर्पाले प्राप्त गरेको सफलता पहिलो प्रयासमै प्राप्त भएको भने होइन । सन् २०२२ को अप्रिलमा पहिलोपटक कीर्तिमानका लागि प्रयास गरे पनि कोरोना भाइरसको महामारीलगायतले सफल हुन सकेको थिएन । पहिलो प्रयासमा १४ मध्ये १२ हिमालमात्रै आरोहण गरेका थिए । हरिलाको हिमाल आरोहणको यात्रा सन् २०१५ देखि सुरु भएको थियो ।

हरिला र शेर्पाको यो कीर्तिमानी आरोहणका पछाडि मुख्य भूमिका भने ‘सेभेन समिट ट्रेक्स’ले गरेको थियो । पर्वतारोहणमा अग्रणी यस कम्पनीका प्रबन्ध निर्देशक मिङ्मा शेर्पाले विश्वमा नेपालको पर्वतीय पर्यटनको प्रबर्द्धनमा शेर्पा समुदायको विशेष योगदान रहेको चर्चा गर्दै सरकारले पनि विशेष सहयोग गर्नुपर्नेमा जोड दिए ।

सम्मान ग्रहण गर्दै उनले आफ्नो सफलतामा साथ र हौसला दिने नेपाली सहहृदयी नागरिकप्रति विशेष धन्यवादसमेत दिइन् । उनले नेपाल र हिमालप्रतिको माया निकै रहेको भन्दै आगामी दिनमा विभिन्न सामाजिक काममा क्रियाशील हुने बताइन् ।

‘मलाई नेपाल र यहाँका जनताहरू असाध्यै मनपर्छ, हिमाल आरोहणको सपना पूरा गर्न साथ दिनुभएकोमा विशेष धन्यवाद दिन चाहन्छु,’ उनले भनिन्, ‘म फेरि पनि नेपाल आइरहन्छु नेपालका लागि केही गर्न चाहन्छु ।’

क्रिस्टिनसँगै कीर्तिमानी नेपाली आरोही तेञ्जिन (लामा) शेर्पाले नेपालको गौरव बढाउनसकेकोमा आफू कृतज्ञ भएको बताए । क्रिस्टिन र तेञ्जिनले सेभेन समिट ट्रेक्समार्फत आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण तीन महिनामा पूरा गरेका हुन् ।

हरिला र शेर्पाले सगरमाथा, कञ्चनजंगा, ल्होत्से, मकालु, धौलागिरि, अन्नपूर्ण, मनास्लु, चो ओयु, सिसपाङ्मा, नंगा पर्वत, गाशरब्रम-२, गाशरब्रम-१, ब्रोडपिक र केटु हिमालको सफल आरोहण गरी कीर्तिमान कायम गरेका हुन् ।

शनिबारको सम्मान कार्यक्रममा १७ वर्षको उमेरमा सगरमाथा र केटु हिमाल आरोहण गरी कान्छो आरोहीको कीर्तिमान बनाउने निमा रिञ्जी शेर्पालाई पनि पदक र कदरपत्र प्रदान गरिएको थियो । साथै, सो अवसरमा केटु हिमाल आरोहण गर्ने एकै परिवारका चार आरोहीलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा पर्यटन विभागका निर्देशक राकेश गुरुङले मुलुकको पर्वतीय पर्यटनको विकासका लागि सबै सरोकारवाला साझेदारिताका साथ अघि बढ्नुपर्नेमा जोड दिए । उनले पर्वतीय पर्यटनलगायत पर्यटनका विधामा दिगो पर्यटन प्रवर्द्धनका लागि विभागले सहकार्य गर्ने बताए ।

नेपाल पर्वतरोहण संघका अध्यक्ष निमानुरु शेर्पाले नेपालको सान र गौरव बढाउन आरोहीको महत्त्वपूर्ण भूमिका रहेको भन्दै उनीहरूलाई राज्यले सम्मान गर्नुपर्ने बताए । संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले आरोहीको कीर्तिमानले विश्वभर नेपालको पर्वतीय पर्यटन प्रवर्द्धनमा मद्दत पुगेको बताए । *रासस*

कोठा खाली गर्ने सम्बन्धी ७ दिने सूचना

ललितपुर महानगरपालिका वडा नं. १४, तिखिदेवल स्थित कि.नं. ३३६, ३३९ र ३४४ मा बनेको मेरो घरमा तपाई श्री आइते बहादुर रानाले कोठा भाडामा लिई गत ९-१० महिना देखि बस्दै आउनु भएकोमा पटक पटक ताकेता गर्दा पनि कोठा भाडा नबुझाउनु भएकोले उक्त कोठा खाली गर्न यो ७ दिने सूचना जारी गरिएको छ । सो समयभित्र कोठा खाली नगर्नु भएमा कानुन बमोजिम कार्यवाही गरिने व्यहोरा जानकारी गराउँदछु ।

घर धनी
हेम राज गुरुङ ९८१५१५२४३८
ललितपुर

आँखा पाक्ने रोगबाट बच्न आग्रह

चितवन– चितवनसहितका जिल्लामा यतिबेला आँखा पाक्ने रोग निकै बढेर गएको छ । कतिपय पालिका शिक्षण संस्था बन्द गरेर रोग नियन्त्रणमा जुटेका छन् । चिकित्सकले कोभिड-१९ झैं हातको सरसफाइ, सामाजिक दूरी कायम गर्नसके रोगबाट बच्न सकिने सुझाव दिएका छन् ।

भरतपुर आँखा अस्पतालका आँखा रोग विशेषज्ञ डा. कुमुदिनी सुवेदीले आँखा पाक्ने रोग फैलिन नलिन कोभिड-१९ मा जस्तै हातको सरसफाइ र सामाजिक दूरीमा ध्यान दिनुपर्ने बताए । उनले भने, ‘हामीले कोभिडको जस्तै समय समयमा हात धुनुपर्छ, हातले आँखा छुनु हुँदैन, संक्रमित बिरामीबाट टाढै रहनुपर्छ ।’ आँखा पाक्ने रोग (पिंक आई डिजिज) विशेषत वर्षा मौसममा बढी देखिने जनाउँदै उनले सामान्यतया भाइरसले नै यो रोग फैल्याउने गरेको बताए ।

उनले भने, ‘एकै समयमा धेरै जनालाई हुने सरुवा रोगका रूपमा हामीले यसलाई लिएका छौं ।’ यो रोग एकबाट अर्कोमा नजिकको सम्पर्क (क्लोज कन्टचाक्ट) भएको ठाउँमा सर्ने डा. सुवेदीले बताए । उनले भने, ‘छात्रावास, विद्यालय, अस्पताल, जेल (कारागार) जहाँ धेरै भीडभाड हुन्छ त्यस्तो ठाउँमा एकबाट अर्कोमा सजिलै सर्ने बढी सम्भावना रहन्छ ।’

यो रोग एक जनाबाट अर्कोमा फैलिन २४ घण्टादेखि एक हप्ता जति समय लाग्ने जनाउँदै उनले तीन हप्तादेखि कसैकसैलाई एक महिनासम्म पनि दुःख दिने जानकारी दिए । उनले भने, ‘बिरामी पहिलोपटक हामीकहाँ आउँदा आँखा बिझायो, बिहान उठ्दा आँखा सुनिएको देखियो, आँखा कचेराले टालियो, आँसु बढी आयो, उज्यालोमा हेर्न गाह्रो भयो भन्ने लक्षण लिएर आउनुहुन्छ ।’ सुरुमा बिरामीको आँखा हेर्दा बाहिरी कोष सुनिएको, कचेरा लागेको, आँखा रातो भएको देखिने गरेको उनको भनाइ छ ।

आँखा पाक्ने रोगले गम्भीर बनाएको अवस्थामा यसले आँखाको नानी (कर्निया) मा मसिना-मसिना घाउ गराउन सक्ने उनले जानकारी दिए । उनले भने, ‘आँखा पाकेको बिरामी देख्नुभयो भने त्यसबाट स्वस्थ मानिस टाढै बस्नु राम्रो रहन्छ ।’ यसबाट बच्नका लागि कालो चस्मा प्रयोग गर्न उनको सुझाव छ । उनले भने, ‘चस्माले रोकथाममा सहयोग त पुऱ्याउँछ, तर एकबाट अर्कोमा सर्दैन भन्ने हुँदैन ।’

घरमा कसैलाई आँखा पाक्ने रोग भएको छ भने उनबाट टाढै बस्नुपर्ने भन्दै उनले थपे, ‘बिरामीले चलाएका सामग्री रुमाल, तौलिया, सिरानीलगायतका सामग्री स्वस्थ मानिसले चलाउन हुँदैन ।’ सकभर बिरामीलाई छुट्टै कोठामा राख्दा अझै राम्रो हुने उनको सुझाव छ । उनले भने, ‘घरमा एउटै बाथरुम हुन्छ, बिरामीले आँखा पुछेर छोएका बत्तीको स्वीच, ढोकाको हचाण्डिललगायतका ठाउँमा स्वस्थ मानिसले छोएर आँखामा छोइयो भने यो रोग सर्दछ ।’

यो रोग लागेमा अस्पतालमै आएर जचाउन सुझाव दिँदै डा. सुवेदीले भने, ‘परीक्षण नगरी मेडिकलमा गएर औषधि लिनुहुँदैन, मेडिकलमा गएर देखाउँदा आँखा विशेषज्ञले नहेर्न सक्नुहुन्छ ।’ कुनै कुनै घटनामा फर्मासिस्टले औषधि दिँदा केही नराम्रो दुर्घटना भएका जनाउँदै उनले आँखा पाक्ने रोग लागेपछि विशेषज्ञ चिकित्सकको राय लिएर मात्रै औषधि राख्न सुझाव दिए । *रासस*

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office:
B.J. Bhawan, Pradarshani Marg, Kathmandu
Tel: 01-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
URL: www.reliancenepal.com.np

Unaudited Financial Result (Quarterly) Fourth Quarter End of Fiscal Year 2079/080

(NRs. 000)

Statement of Financial Position As on Quarter Ended 31st Asar 2080

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	415,866	605,836
Due from Nepal Rastra Bank	242,269	221,570
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	
Other trading assets	-	
Loan and advances to B/FIs	436,259	356,003
Loans and advances to customers	5,191,588	5,172,130
Investment securities	2,006,787	2,479,377
Current tax assets	28,887	12,023
Investment in susidiaries	-	
Investment in associates	-	
Investment property	24,571	6,456
Property and equipment	332,187	328,065
Goodwill and Intangible assets	1,748	2,699
Deferred tax assets	1,951	1,208
Other assets	34,848	24,207
Total Assets	**8,716,960**	**9,209,575**
Liabilities		
Due to Bank and Financial Instituions	187,459	206,958
Due to Nepal Rastra Bank	177,826	863,500
Derivative financial instruments	-	-
Deposits from customers	6,659,828	6,669,672
Borrowing	370,000	-
Current Tax Liabilities		-
Provisions	-	-
Deferred tax liabilities	-	-
Other liabilities	164,208	152,342
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**7,559,321**	**7,892,472**
Equity		
Share capital	1,121,452	1,053,006
Share premium	1,141	1,141
Retained earnings	(162,066)	75,913
Reserves	197,113	187,043
Total equity attributable to equity holders	**1,157,639**	**1,317,103**
Non-controlling interest	-	
Total equity	**1,157,639**	**1,317,103**
Total Liabilities and equity	**8,716,960**	**9,209,575**

Condensed Statement of Profit or Loss As on Quarter Ended 31st Asar 2080

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Interest income	247,586	985,185	232,802	769,410
Interest expenses	192,167	774,812	169,960	520,405
Net interest income	**55,419**	**210,373**	**62,842**	**249,005**
Fee and commission income	6,987	32,399	7,736	38,742
Fee and commission expenses	-	-	-	-
Net fee and commission income	**6,987**	**32,399**	**7,736**	**38,742**
Net interest, fee and commission income	**62,406**	**242,772**	**70,578**	**287,747**
Net trading income	-	-	-	-
Other operating income	584	2,606	(1,181)	4,719
Total operating income	**62,990**	**245,378**	**69,398**	**292,466**
Impairment charge/(reversal) for loans and other losses	161,742	201,169	(36,781)	(3,820)
Net operating income	**(98,752)**	**44,210**	**106,179**	**296,286**
Operating expenses	-	-	-	-
Personnel expenses	35,304	109,624	29,012	101,525
Other operating expenses	22,493	74,487	8,573	61,383
Depreciation & Amortisation	4,207	14,228	20,203	30,292
Operating Profit	**(160,757)**	**(154,129)**	**48,392**	**103,086**
Non operating income	-	-	-	-
Non operating expenses	-	-	-	-
Profit before income tax	**(160,757)**	**(154,129)**	**48,392**	**103,086**
Income tax expenses	-	-	-	-
Current Tax		-	15,593	32,001
Deferred Tax	-	-	(61)	(61)
Profit for the period	**(160,757)**	**(154,129)**	**32,860**	**71,147**

Condensed Statement of comprehensive income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Profit for the year	(160,757)	(154,129)	32,860	71,147
Other comprehensive income	37,459	(1,732)	1,566	(28,655)
Total comprehensive income for the period	**(123,298)**	**(155,862)**	**34,427**	**42,492**
Basic earnings per share(Annualized)		(13.74)		6.76
Diluted earnings per share				
Profit attributable to:				
Equity-Holders of the Bank	(160,757)	(154,129)	32,860	71,147
Non-Controlling Interest				
Total	**(160,757)**	**(154,129)**	**32,860**	**71,147**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Capital Fund to RWA		15.20%		17.40%
Non-Performing Loan (NPL) to Total Loan		4.93%		4.26%
Total Loan Loss Provision to Total NPL		118.45%		73.91%
Cost of Funds		10.02%		10.45%
Credit to Deposit Ratio		83.56%		84.87%
Base Rate		13.02%		13.14%
Interest Rate Spread		4.58%		4.79%

Statement of Distributable Profit or Loss

Particulars	Current Year
Net profit or (loss) as per statement of profit or loss	(154,129)
Appropriations:	-
a. General reserve	-
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	-
e. Employee' training fund	-
f. Other	-
Profit or (loss) before regulatory adjustment	**(154,129)**
Regulatory adjustment:	
Transfer to regulatory reserve	(13,939)
Transfer from regulatory reserve	
Net profit/(loss) for the quarter ended on Asar 2080 available for distribution	**(168,069)**
Opening Retained Earnings on Shrawan 1 2079	75,913
Adjustments	2,137
Distribution	(72,048)
Total Distributable Profit/(Loss) as on Asar end 2080	**(162,067)**

Notes:
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
6. Interim financial statements have been pulished in website.
7. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

Annexure 14 of Securities Registration and Issue Regulations, 2073 (Related to sub rule (1) of Rule 26) For the Fourth Quarter of F.Y.2079/80)

1. Financial Statements Highlights

i. Financial detail at the end of fourth quarter ending 31/03/2080 of the financial year 2079/80 has been shown above.

ii. Major Financial Indicators

Earnings per share (Annualized)	(NPR.13.74)	Market Value Per Share	NPR 385.90
Price Earnings Ratio	(28.08)	Net Worth Per Share	NPR 109.94
Total Assets/No. of share	827.82	Liquidity Ratio	36.69

2. Management Analysis

a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of in this quarter ending of FY 2079-80.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.

b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.

c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

3. Legal Proceedings

a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.

b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.

c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

4. Analysis of Stock Performance

a. **Management view on the transaction of the shares to the FI in the Share Market:** Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.

b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

Maximum share price	NPR 400	Minimum share price	NPR 275
Closing share price	NPR 385.90	Total no. of transactions	9,045
No. of days of transaction	62	Total traded no. of share	18,29,647

5. Problem and Challenges

Internal Problems and Challenges: Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.

External Problems and Challenges: High competition in the BFI's industry, growing excess interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.

Strategy to overcome the problems and challenges: Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

6. Corporate Governance

Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

7. CEO's declaration regarding truth and fairness

I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

'रावायण' मा अनमोल र नीतिको जोडी

फिल्म 'रावायण' मा अभिनेत्रीको रूपमा नीति शाह जोडिएकी छन्। सुदर्शन थापाको निर्देशनमा बन्न लागेको फिल्ममा मुख्य अभिनेत्रीको रूपमा नीति जोडिएकी हुन्। फिल्ममा नीति अनमोलको जोडीको रूपमा देखिनेछिन्। फिल्ममा अभिनयका विषयमा नीतिले फिल्म प्रोडक्सन सुदर्शन थापासँग सम्झौता समेत गरिसकेकी छन्। जसको जानकारी निर्माता सुप्रिया कट्वालले सामाजिक संजालमार्फत गराएकी छन्। फिल्मको छायांकन भदौदेखि हुनेछ। नीतिले यसै फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गर्न लागेकी हुन्। यसअघि उनी केही फिल्ममा जोडिए पनि फिल्म समयमा सुरू नहुँदा उनले फिल्ममा डेब्यु गर्न पाएकी थिइन्।

चरित्र निर्माणमा नयाँ पुस्ताको मिहेनत

■ प्रभाव संवाददाता

काठमाडौं– कलाकारितामा आफ्नो चरित्रलाई जीवन्त बनाउन कालाकारले गरिरहेको मिहेनतको चर्चा हुन् थालेको छ।

बाहिरी आवरणमा मात्र परिवर्तन ल्याउने कलाकार अहिले चरित्रमा बाच्न थालेका छन्। 'डिजिटल प्लेटफर्म' हरूको लोकप्रियता बढेसँगै आफूले निर्वाह गर्ने भूमिकालाई बुझ्न भाषा सिक्ने, स्थानीयसँग घुलमिल हुने, अध्ययन गर्ने शैली अधिकांश नयाँ पिँढीका कलाकारमा देखिन थालेको छ।

प्रायः चलचित्रमा अभिनय उस्तै भएपछि 'टाइप कास्ट' को आरोप खेपिरहेका नयाँपुस्ताका कलाकार भने मिहेनती देखिने गरेका छन्। रङ्गमञ्च हुँदै चलचित्रको पर्दामा देखिएका कलाकार सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, प्रमोद अग्रहरीलगायतले आफ्नो चरित्र निर्माणमा गरेको मिहेनत नयाँ पुस्तामा समेत देखिएको छ।

यद्यपि उल्लेखित नामलाई बढी व्यावसायिक बनिरहेको आरोप पनि लाग्ने गरेको छ। गत वर्ष प्रदर्शन भएका चलचित्र 'छड्के २' मा अभिनेता अनमोल केसी ग्याङगस्टर, 'प्रकाश' मा अभिनेता प्रदीप खड्का जुम्लाको गाउँले भूमिकामा देखिए। नेपाली चलचित्र क्षेत्रमा सर्वाधिक खोजिने दुई युवापुस्ताका अभिनेताले आफ्नो भूमिकामार्फत देखाएको परिवर्तनको राम्रै चर्चा भयो। यद्यपि व्यावसायिक सफलता भने प्राप्त हुन सकेन।

आफूलाई स्टारडमको छायाँबाट बाहिर आएर जुम्ली युवक बनेपछि पात्रको विविधतासँग परिचित भएको महसुश अभिनेता खड्कालाई छ। उनी सोही चलचित्रमार्फत उत्कृष्ट अभिनेताको अवार्डसमेत जित्न सफल भए। 'नयाँ भूमिका खोज्दा प्रकाश पाएँ, चरित्रमा देखिन मैले सक्दो प्रयास गरेको थिएँ, यस्ता चलचित्रमा बारम्बार काम गर्ने मौका मिल्दैन, सदुपयोग गरेको हुँ', अभिनेता खड्काले भने।

गत वर्ष नै प्रदर्शन भएको चलचित्र 'झिँगेदाउ' मा अभिनेत्री आँचल शर्माले गाउँले युवतीको भूमिका, 'बाबरी' मा अभिनेता धीरज मगरले पूर्वेली युवक, 'कृष्ण लीला' मा अभिनेता पुष्प खड्काले अटिजम पीडित युवाको भूमिका निर्वाह गरेका थिए।

नयाँ पुस्ताले चरित्र निर्माण गरिरहेको मिहेनत सकारात्मक रहेको निर्देशक प्रदीप भट्टराई बताए। 'स्टारलाई हेर्न दर्शक हलसम्म आउनुहुन्छ, उनीहरूले चरित्रमा गर्ने मिहेनतले लामो समयसम्म जोगाउँछ', निर्देशक भट्टराईले भने।

प्रदर्शनरत चलचित्र 'बगान' मार्फत अभिनयको सुरुआत गरेकी अभिनेत्री प्रमिला कार्कीले आफूलाई प्रमाणित गरेका छन्। चलचित्रको आयोजित प्रदर्शनीमा हेर्न पुगेका विशिष्ट व्यक्तिले समेत उनको अभिनय प्रशंसा गरेका छन्। 'आफूभन्दा अग्रज कलाकारसँग अभिनय गर्दा उनको अनुभवले मलाई चरित्रमा रहन मदत गरेको थियो, पर्दामा आफ्नो काम हेर्दा खुसी भए नै साथै प्राप्त प्रतिक्रियाले मलाई आगामी यात्रा तय गर्न सहज भएको छ', अभिनेत्री कार्कीले भनिन्।

'हामी तीन भाइ'को छायांकन सुरु

■ प्रभाव संवाददाता

काठमाडौं– मधुसुदन भट्टराईको निर्देशनमा निर्माण हुने फिल्म 'हामी तीन भाइ'को छायांकन सुरु भएको छ। गत असार २९ गते गोर्खास्थित मनकामना मन्दिरमा स्कृप्ट पुजा गरिएको फिल्मको शुक्रबार मकवानपुरको चित्लाङबाट छायांकन सुरु गरिएको हो।

साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहान्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा (हर्के हवल्दार), यादव देवकोटा (सरापे), भुवन कुमार काफ्ले, नयन कला फुयाँल, पवन केसी, अन्जु हमाल, बिकास चापागाई, सुष्मा निरौला, राज दिप, तारा शर्मा र बाल कलाकार एलेक्स खड्काको अभिनय रहनेछ। निर्देशक भट्टराईको कथा रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन्। विक्रम तामाङ कार्यकारी निर्माता, त्रिरत्न श्रेष्ठ निर्माता र प्रतिमा थापा पोखरेल र भक्तलाल श्रेष्ठ सिनेमाको सह-निर्मातामा छन्। बिशेष सहयोगीमा शम्भु कुमार केसी र मनोज श्रेष्ठ रहेका छन्।

प्रसिद्धि सिने आट्सको ब्यानरमा निर्माण हुने फिल्ममा शिव ढकालको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, एसबी सापकोटाको संगीत, अशोक रोक्काको मेकअप, रेनिश फागोको कलर, एलिस कार्कीको पार्श्वसंगीत, मिक्सिङ मुकेश शाह, भिएफएक्स समिर मियाँ, बनिष शाहको सम्पादन रहेको छ। फिल्मका मुख्य सहायक निर्देशक रामजी राउत र ज्ञान कुमार कट्टेल तथा सहायक निर्देशक दिनेश कार्की हुन्।

'अगस्त्य'को विदेशमा २५ सयभन्दा बढी 'शो' हुने

■ प्रभाव संवाददाता

काठमाडौं– सौरभ चौधरीको लेखन तथा निर्देशन रहेको फिल्म हो 'अगस्त्य'। सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरी, विजय बराललगायतको मुख्य भूमिका रहेको फिल्म अहिले छायांकनरत छ।

फिल्मको छायांकन नसकिँदै ओभरसिज राइट्स भने बिक्री भएको छ। सेभेन सिज कम्पनीले 'अगस्त्य'को अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिद गरेको हो। यो कम्पनीले यसअघि फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' को पनि विदेश राइट्स खरिद गरेको थियो।

फिल्म निर्माण कम्पनी डार्क हर्स इन्टरटेनमेन्ले सेभेन सिजसँग अन्तर्राष्ट्रिय रिलिजसम्बन्धी सम्झौता भएको जनाएको छ। डार्क हर्सद्वारा जारी विज्ञप्तिमा अमेरिका र बेलायतमा ८ सयदेखि एक हजार शो, क्यानडामा १ सय ५० शो, युरोपका अन्य देशसँगै जापान, कोरिया, हङकङ र थाइल्यान्डमा १ सय ५० शो, अष्ट्रेलिया र न्युजिल्याण्डमा पाँच सय शो र मध्यपूर्वका देशहरूमा ७ सय ५० शोमा फिल्म रिलिज हुने जनाइएको छ।

यो सम्झौता फिल्म उद्योगको लागि नै सकारात्मक पाटो रहेको कम्पनीको विश्वास छ। प्रकाश मल्ल, अनिष तामाङ र विश्वप्रकाश गौचन निर्माता रहेको फिल्मको छायांकार सञ्जय लामा हुन्। दुई च्याप्टरमा बन्ने 'अगस्त्य' को दुवै श्रृंखलाको कथा निर्देशक चौधरीले लेखेका हुन्। फिल्म एक्सन-लभस्टोरी कथामा बन्ने छ।

रंगशाला

विशेष प्रशिक्षणका लागि भारत जाँदै ६ क्रिकेट खेलाडी

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल क्रिकेट संघ (क्यान) ले एक महिना विशेष प्रशिक्षणका लागि ६ खेलाडीलाई भारतको दिल्ली पठाइने घोषणा गरेको छ।

क्यानले शनिबार जनाए अनुसार ६ खेलाडीलाई प्रशिक्षणका लागि भारत पठाईनेछ। ति ६ खेलाडीमा तिव्र गतिका बलरहरू कमलसिंह ऐरी र कमल खत्री रहेका छन्।

त्यस्तै विनोद भन्डारी र लोकेश बम ब्याटरका रूपमा रहेका छन्। स्पिनर सागर ढकाल र अलराउन्डर विवेक यादव सो मौका पाएका छन्। उनीहरू अभ्यासका लागि दिल्ली गएका छन्। यि ६ खेलाडी प्रदिप साहु अन्तर्गत रहेर प्रशिक्षण गर्ने छन्।

खेलकुद पत्रकार मञ्च गण्डकीले स्थापना दिवस मनाउने

पोखरा (प्रस)– नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पाँचौं स्थापना दिवस मनाउने भएको छ।

मञ्चको शनिबार पोखरामा बसेका तिसौं कार्यसमिति बैठकले यही साउन २३ गते मंगलबार पाँचौं स्थापना दिवस मनाउने निर्णय गरेको हो।

पोखरा-२२ स्थित कालावाङ घरेडी होमस्टेमा एक कार्यक्रमका विच स्थापना दिवससंगै 'सातौं पोखरा स्पोर्टस् अवार्ड-२०८०' को पनि समिक्षा गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए।

मञ्चले गत बैशाख २३ गते 'पोखरा स्पोर्टस् अवार्ड २०८०' मा विभिन्न सात विधामा अवार्ड प्रदान गरेको थियो।

यसअघि २०५२ सालमा नेपाल खेलकुद पत्रकार मञ्च कास्कीका नाममा स्थापना भएको मञ्च २०५७ सालमा गण्डकी प्रदेशका नामबाट दर्ता भई स्पोर्टस् अवार्डसहित विभिन्न गतिविधि गर्दै आइरहेको छ। मञ्चमा ७४ जना सदस्य छन्।

आशिषलाई रापिड चेसको उपाधि

Nuwakot District Rapid Rating
Tournament-2080
Fide Event Code: 335099
NUE: Hotel Yangra, Dhunge, Nuwakot
DATE: 4 & 5 August, 2023
ized By:
orted By:
CERTIFICATE
NUWAKOT DISTRICT RAPID RATING CHESS COMPETITION -2023
This certificate is proudly presented to
Ms./Mr. Aashish Phuyal
CERTIFICATE

■ प्रभाव संवाददाता

नुवाकोट– राष्ट्रिय एमेच्योर चेस च्याम्पियनसिपको उपाधि आषिश फुयालले हात पारेका छन्। नेपाल बुद्धिचाल संघ नुवाकोटको आयोजनामा भएको प्रतियोगितामा आशिषले उपाधि जितेका हुन्।

उनले फाइनल चरणको खेलमा काठमाडौका १४ बर्षिय खेलाडी पुरुषोत्तम सिलवालसंग बराबरी खेलेर अंक बाँडेका थिए। यस्तै, छैटौं चरणको खेलमा भक्तपुरका जगन्नाथ ताम्रकारलाइ हराएका थिए।

६ खेलमा जित निकाल्न सफल भएका आशिषले साढे ६ अंक सहित विजेता बन्न सफल भए। उपाधि सहित उनले नगद १० हजार पुरस्कार पाए।

पुरुषोत्तम सिलवाल ६ अंक जोडेर दोस्रो स्थानमा रहे। उनले छैटौं चरणको खेलमा ललितपुरका सुरज महर्जन माथि सफलता पाए। उनले ७ हजार नगद पुरस्कार पाए।

विदुर नगरपालिका वडा नम्बर १ को आर्थिक सहयोगमा संचालन भएको प्रतियोगिताको तेस्रो स्थानमा पूर्व नेपाल च्याम्पियन नविन तण्डुकमर रहे। उनले नगद ५ हजार पाउन सफल भए। नविनले सातौ चरणको खेलमा भक्तपुरका गणेशमान दुवाललाई निरास बनाएका थिए।

सुनसरीका मणीराज डाँगी चौथो र झापाका मिसन दाहाल पाँचौ स्थानमा रहे भने छैटौंदेखि दशौसम्म भक्तपुरका जगन्नाथ ताम्राकार, गणेशमान दुवाल, ललितपुरका सरोज महर्जन, काठमाडौका राजेन्द्र बज्राचार्य र नुवाकोटका सुरज लामा रहे। महिलातर्फको उपाधि काठमाडौकी आरती छठकुलीले जित्न सफल भइन। उनले ४ अंक जोडिन्।

समान ४ अंकनै रहेका पुनम प्रसाई टाइब्रेकरको आधारमा आरतीसंग पछि रहेर उपविजेता बन्न सफल भइन्। त्यसैगरी भेट्रानतर्फ राधेश्याम श्रेष्ठ उत्कृष्ट ठहरिए भने स्थानीयमा सक्सेस श्रेष्ठ प्रथम भए। अनरेटेडमा नविन बैद्य पहिलो रहे भने यु १९ मा संगम कटुवाल उत्कृष्ट भए।

नुवाकोट जिल्ला बुद्धिचाल संघका अध्यक्ष प्रकाश जोशीको अध्यक्षतामा भएको पुरस्कार वितरण तथा समापन समारोहमा विदुर नगरपालिका १ का वडा अध्यक्ष लेनिन श्रेष्ठ र नेपाल बुद्धिचाल महासंघका महासचिव धरम बहादुर लामाले विजेता खेलाडीलाई पुरस्कार वितरण गरे। नुवाकोट जिल्लाका र आमन्त्रित गरि प्रतियोगितामा ५८ जना खेलाडीको सहभागीता रहेको थियो।

'डोपिङ कन्ट्रोल अफिसर्स'को प्रशिक्षक प्रशिक्षण सुरु

KADA
Training Program for
Trainers of
Doping Control Officers
Organized by NOC
Collaboration with KADA
Date: 5th - 6th August 2023
NOC Building, Satdobato, Lalit

काठमाडौं (प्रस)– नेपाल ओलम्पिक कमिटीको आयोजना तथा कोरिययन एन्टी डोपिङ एजेन्सी काडाको संयोजकत्वमा शनिबारदेखि दुई दिने 'डोपिङ कन्ट्रोल अफिसर्स' डीसीओको प्रशिक्षक प्रशिक्षण सुरु भएको छ। कमिटीको मुख्यालय सातदोबाटोमा सञ्चालन भएको कार्यक्रम दुई दिन चल्नेछ। यस कार्यक्रमको आयोजना पश्चात अब नेपालमै डीसीओको प्रशिक्षण दिन सकिनेछ।

डीसीओ प्रशिक्षक प्रशिक्षण कार्यक्रम नेपालमा भएको यो पहिलो पल्ट हो। कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले एक समारोहबीच प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गरेका थिए। प्रशिक्षक प्रशिक्षणका लागि काडाबाट तीन विशेषज्ञ नेपाल आएका छन्। प्रशिक्षकमा काडाका सीओओ म्युङ सु-किम, किजो हान र मिनजोङ सो रहेका छन्। कार्यक्रममा ६ जनाको सहभागिता रहेको छ। सहभागी हुनेमा चिकित्साकर्मीहरू सरोजकृष्ण श्रेष्ठ, नबीसमानसिंह प्रधान, ज्ञानेन्द्रविक्रम शाह, सुसन बैद्य, असिम सुवेदी र पूजा भण्डारी रहेका छन्।

त्यसमध्ये श्रेष्ठ कमिटी अन्तर्गतको मेडिकल कमिसनका प्रमुख पनि हुनु हुन्छ। कार्यक्रमका अवसरमा कमिटीका अध्यक्ष श्रेष्ठले नेपाली खेलकुदमा एन्टी डोपिङ सम्बन्धी ज्ञानको महत्त्वमा जोड दिन भएको थियो। यस्तै काडाका सीओओ सु-किमले नेपालमा एन्टी डोपिङ सम्बन्धी प्रशिक्षक तयार हुन लागेकोमा खुसी व्यक्त गरे।

नयाँ खेलकुद ऐन अनुसार नेपालमा नेपाल एन्टि डोपिङ एजेन्सी नाडा गठन हुने क्रममा छ। युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत यो स्वायत्त निकाय हुनेछ।

पाकिस्तानका पूर्वप्रधानमन्त्री खान भ्रष्टाचारको अभियोगमा पक्राउ

लाहोर, पाकिस्तान– पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको अभियोगमा तीन वर्षको सजाय सुनाइएलगत्तै शनिबार लाहोरस्थित उनकै घरबाट पक्राउ गरिएको प्रहरी र अधिकारीहरूले बताएका छन् ।

गत वर्ष अविश्वासको प्रस्तावमा सत्ताच्युत भएयता पूर्वअन्तर्राष्ट्रिय क्रिकेट स्टारसमेत रहेका खानले आफूविरूद्धको सजाय राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको बताएका थिए । शनिबार सजाय सुनाइँदा उनी अदालतमा उपस्थित भएका थिएनन् ।

‘न्यायाधीश हुमायूँ दिलावरले पूर्वप्रधानमन्त्री खान भ्रष्टाचारमा संलग्नता रहेको ठहर भएको आदेश सुनाउनुभएको छ,’ पाकिस्तानी टेलिभिजनले जनाएको छ । फैसलालगत्तै प्रहरीले लाहोरस्थित खानको घरमा पसेर उनलाई पक्राउ गरेको थियो ।

पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफका विशेष सहायक अताउल्लाह तरारले खानको पक्राउबारे पुष्टि गर्दै भने, ‘मैले भर्खरै खानलाई पक्राउ गरिएको जानकारी पाएको छु ।’

गत मे महिनामा खानलाई इस्लामाबादमा भ्रष्टाचारको आरोपमा पक्राउ गरिएको थियो र केही समयका लागि हिरासतमा राखिएको थियो । पूर्वप्रधानमन्त्री खानको पक्राउलाई लिएर उनको पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) पार्टीका समर्थकहरू सडकमा ओर्लिएका थिए र प्रहरीसँग झडप गरेका थिए ।

दलको आन्दोलनको दवाबपछि तीन दिन हिरासतमा बसेपछि रिहा भएका पिटिआई अध्यक्षलाई हजारौं पक्राउ, धम्की र प्रेसको दमनको रिपोर्टसहित कारबाहीको निशाना बनाइएको छ । शनिबार उनलाई पक्राउ गरिएको मुद्दा उनका सहयोगीमार्फत उनी प्रधानमन्त्री रहेको समयमा भएको लेनदेनमा केन्द्रित छ ।

खानको कानुनी टोलीले तत्काल अपिल दायर गर्ने बताएको छ । टोलीका एक सदस्यले भने, ‘मुद्दामा साक्षीलाई उपस्थित गराउने कुनै मौका दिइएको थिएन, न त बहसका लागि समय दिइएको थियो । हामी फैसलाविरूद्ध पुनरावेदन गर्नेछौं ।’ खानले लामो समयदेखि यस वर्षको अन्त्यअघि हुने निर्वाचनमा भाग लिन नदिन आफूलाई पक्राउ गर्ने षड्यन्त्र भइरहेको बताउँदै आएका थिए ।

पाकिस्तानमा आगामी दुई हप्तामा संसद् विघटन हुने सम्भावना छ र नोभेम्बरको मध्य वा त्योभन्दा अघि नै राष्ट्रिय निर्वाचन हुनेछ । खान सन् २०१८ मा लोकप्रिय समर्थनको लहर, भ्रष्टाचार विरोधी घोषणापत्र र शक्तिशाली सैन्य प्रतिष्ठानको समर्थनमा सत्तामा पुगेका थिए ।

गत वर्षको अप्रिलमा उनलाई पदच्युत गर्दा विश्लेषकहरूले उनले शीर्ष जनरलहरूको समर्थन गुमाएका कारण पदच्युत गरिएको बताएका थिए । *रासस⁄एएफपी*

चन्द्रयान–३ सफलतापूर्वक चन्द्रमाको कक्षमा प्रवेश

नयाँदिल्ली– चन्द्रयान-३ सफलतापूर्वक चन्द्रमाको कक्षमा प्रवेश गरेको छ । भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)का अनुसार चन्द्रयान-३ नामक अन्तरिक्ष यानले चन्द्रमाको करिब दुईतिहाइ दूरी तय गरी शनिबार सफलतापूर्वक चन्द्रमाको कक्षमा प्रवेश गरेको छ ।

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)ले ट्वीट गर्दै भनेको छ, ‘मोक्स, इस्राक, यो चन्द्रयान-३ हो । म चन्द्रमाको गुरुत्वाकर्षण महसुस गरिरहेको छु ।’

भारतको तेस्रो चन्द्र अन्वेषण अभियान चन्द्रयान-३ जुलाई १४ मा आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धावन अन्तरिक्ष केन्द्रबाट जिएसएलभी मार्क ३ (एलभिएम-३) हेभी लिफ्ट प्रक्षेपण यानबाट सफलतापूर्वक प्रक्षेपण गरिएको थियो ।

अमेरिका, चीन र रूसपछि चन्द्रमाको सतहमा आफ्नो अन्तरिक्षयान अवतरण गर्ने र चन्द्रमाको सतहमा सुरक्षित र सफल अवतरणका लागि देशको क्षमता प्रदर्शन गर्ने भारत चौथो देश हो ।

अवतरणपछि, चन्द्रयान-३ ले एक चन्द्र दिनको लागि काम गर्नेछ । चन्द्रमाको एक दिन पृथ्वीको १४ दिन बराबर हुन्छ । *रासस⁄सिन्ह्वा*

Samriddhi Finance
Partnership for Prosperity

समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालय: हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

Interim Financial Statement

Condensed Statement of Financial Position
4th Quarter End of Fiscal Year 2079/080

Fig in '000

Particulars	This Quarter Ending (Ashad 31, 2080)	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	409,033	518,124
Due from Nepal Rastra Bank	126,040	93,501
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loan and advances to B/FIs	15,555	19,896
Loans and advances to customers	1,513,695	1,564,756
Investment securities	315,738	316,106
Current tax assets	5,677	5,429
Investment in susidiaries	-	-
Investment in associates	-	-
Investment property	113,577	49,633
Property and equipment	141,750	63,123
Goodwill and Intangible assets	2,718	2,551
Deferred tax assets	22,482	20,004
Other assets	33,118	18,314
Total Assets	**2,699,381**	**2,671,435**
Liabilities		
Due to Bank and Financial Instituions	354,755	481,481
Due to Nepal Rastra Bank	-	90,000
Derivative financial instruments	-	-
Deposits from customers	1,610,644	1,434,113
Borrowing	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred tax liabilities	-	-
Other liabilities	104,559	40,098
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**2,069,958**	**2,045,692**
Equity		
Share capital	818,911	742,175
Share premium	19,703	20,037
Retained earnings	(440,989)	(315,892)
Reserves	231,797	179,423
Total equity attributable to equity holders	**629,423**	**625,743**
Non-controlling interest	-	-
Total equity	**629,423**	**625,743**
Total Liabilities and equity	**2,699,381**	**2,671,435**

Condensed Statement of Profit or Loss
4th Quarter End of Fiscal Year 2079/080

Fig in '000

Particulars	This year (Ashad 31, 2080)		Previous Year Corresponding (Ashad 31, 2079)	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	53,162	257,138	180,825	199,701
Interest expense	45,101	186,845	115,093	132,001
Net interest income	**8,061**	**70,293**	**65,732**	**67,700**
Fee and commission income	1,469	6,109	7,503	12,312
Fee and commission expense	-	-	-	-
Net fee and commission income	**1,469**	**6,109**	**7,503**	**12,312**
Net interest, fee and commission income	**9,530**	**76,403**	**73,235**	**80,012**
Net trading income	-	-	-	-
Other operating income	(6,116)	(5,111)	9,760	10,185
Total operating income	**3,414**	**71,291**	**82,995**	**90,197**
Impairment charge/(reversal) for loans and other losses	(82,090)	44,157	8,215	(22,948)
Net operating income	**85,504**	**27,134**	**74,780**	**113,145**
Operating expense				
Personnel expenses	17,922	62,912	26,342	48,912
Other operating expenses	13,425	38,203	11,763	28,268
Depreciation & Amortisation	4,271	14,653	7,223	9,536
Operating Profit	**49,886**	**(88,634)**	**29,451**	**26,428**
Non operating income	1,740	6,821	2,199	10,961
Non operating expense	3,598	3,598	33,897	34,234
Profit before income tax	**48,029**	**(85,411)**	**(2,247)**	**3,155**
Income tax expense				
Current Tax	-	-	-	-
Deferred Tax	(5,562)	(5,562)	2,927	2,927
Profit for the period	**53,591**	**(79,848)**	**(5,174)**	**228**

Condensed Statement of comprehensive income

Particulars	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Profit for the year	53,591	(79,848)	(5,174)	228
Other comprehensive income	(12,594)	7,196	(5,561)	(20,592)
Fair value gain/(loss) on investment securities valued at FVOCI	(12,594)	7,196	(5,561)	(20,592)
Revaluation of Fixed Assets (land)	-	-		
Total comprehensive income for the period	**40,997**	**(72,653)**	**(10,735)**	**(20,364)**
Basic earnings per share	(9.95)	(9.95)	0.03	0.03
Annualized basic earnings per share	(9.95)	(9.95)	0.03	0.03
Profit attributable to:				
Equity-Holders of the Bank	40,997	(72,653)	(10,735)	(20,364)
Non-Controlling Interest	-	-	-	-
Total	**40,997**	**(72,653)**	**(10,735)**	**(20,364)**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Capital Fund to RWA		22.98		28.71
Non-Performing Loan(NPL) to Total Loan		4.59		4.58
Total Loan Loss Provision to Total NPL		81.75		132.21
Cost of Funds		9.04		9.08
Credit to Deposit Ratio		79.32		82.86
Average Credit to Deposit Ratio		84.24		
Base Rate		15.16		13.84
Interest Spread Rate		4.41		5.62

Statement of Distributable Profit or Loss

Particulars	Current Year
Opening Retained Earning	**(315,892)**
Net profit or (loss)as per statement of profit or loss	**(79,848)**
Appropriations:	
a.General reserve	-
b.Foreign exchange fluctuation fund	-
c.Capital redemption reserve	-
d.Corporate social responsibility fund	-
e.Employee' training fund	(800)
Profit or (loss) before regulatory adjustment	**(396,541)**
Regulatory adjustment:	
Regulatory adjustment as per NRB Directive	(44,448)
Distributable profit or (loss)	**(440,989)**

1. This figures are subject to change as per the direction of the Regulator/External Auditor.
2. The above financial have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as issued by the Nepal Accounting Standard Board after carve out issued by ICAN.
3. Previous year figures have been regrouped, rearranged and reclassified wherever necessary for fair presentation.
4. Loans and advances are presented along with accrued interest and staff loans net of impairment charges.
5. Detailed Interim Report has been published in Company's website (www.sfcl.com.np)

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०७९/८० को चौथो त्रैमासिक प्रतिवेदन

(१) वित्तीय विवरण :

(क) **त्रैमासिक अवधिका वासलात, नाफा⁄नोक्सान सम्बन्धी विवरण :**

आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) **कम्पनी प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी वार्षिक	रु. (९.९५)	प्रति शेयर कुल सम्पत्तिको मूल्य	रु. ३२९.६३	मूल्य आम्दानी अनुपात	(३२.४८)
तरलता अनुपात	३८.०९ प्रतिशत	प्रति शेयर नेटवर्थ	रु. ७६.८६		

(२) व्यवसायीक विश्लेषण

(क) २०७९ साल असाढ मसान्तको तुलनामा यस त्रैमासमा निक्षेपमा २.६० प्रतिशतले बृद्धि भएको, कर्जामा १.७९ प्रतिशतले कमी भएको र ४.५८ प्रतिशत रहेको निष्कृय कर्जा अनुपात ४.५९ प्रतिशत कायम भएको छ ।

(ख) विगतका अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्ने कुनै घटना अवस्था आदी नभएको ।

(३) कानूनी कारवाही सम्बन्धी विवरण

(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) ऋण असुली सँग सम्बन्धित मुद्दाहरु अदालतमा विचाराधिन रहेको ।

(४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

(ख) यस अवधिको शेयर कारोबार देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मूल्य :	रु. ३४९	शेयरको न्यूनतम् मूल्य :	रु. २५५
अन्तिम मूल्य :	रु. ३२३	कारोबार भएको कुल दिन :	६२
कारोबार संख्या :	८,८४१	शेयर संख्या :	१५,७५,६६४

(५) समस्या तथा चुनौती

संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरुको यथोचित व्यवस्थापन गरी कूशलतापूर्वक अघि वढ्नु पर्ने स्थिति रहेको छ । यसका लागि आई पर्ने समस्या तथा चूनौती समाधानका उपायहरु बारे संस्थाले समय समयमा समीक्षा गरी रणनीती समेत बनाई सोको सहजिकरणको उपाय अबलम्बन गर्ने गरेको छ ।

समस्या र चुनौती :

- समग्र अर्थतन्त्रमा देखिएको नैरास्यता
- बैंक तथा वित्तिय संस्थाहरु बीच कायम तिब्र प्रतिस्पर्धा
- नीति नियममा हुने परिवर्तनले व्यवसायमा पर्ने अल्पकालिन तथा दिर्घकालिन प्रभाव
- शाखा सञ्जालमा कमि तथा दक्ष जनशक्तिहरुको अभाव
- बैंकिङ्ग व्यवसायमा देखिएको तरलताको अभाव
- कर्जा असुलीमा देखिएका चुनौतीहरु

विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरुबारे व्यवस्थापन तथा संचालक समितिले समय समयमा समिक्षा गरी रणनिति बनाई सोको निराकरणको उपाय अवलम्वन गरी सोहि अनुसार गरिएको छ ।

(६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित र प्रभावकारी गर्न आन्तरिक लेखापरिक्षक मार्फत नियमित लेखापरिक्षण सम्पन्न भैरहेको तथा लेखापरिक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरु व्यवस्थापन मार्फत कार्यान्वयन भई रहेको छ । संस्थामा अनुपालना विभाग गठन गरि नियमित रुपमा कार्यहरु भैरहेको छ । साथै गैर कार्यकारी संचालकको मातहतमा रहने गरी लेखा परिक्षण, जोखिम व्यवस्थापन, सम्पति शुद्धिकरण र कर्मचारी सेवा सुविधा जस्ता उपसमितिहरु गठन गरिएको छ । वित्तिय संस्थाको संचालन जोखिम कम गरी कारोवारलाई छिटो छरितो र वैज्ञानिक बनाउने उदेश्यले संचालक तथा व्यवस्थापक तहका विभिन्न समितिहरु गठन गरी कार्यान्वयन पक्षमा सुधार गरिएको छ । आन्तरिक सुशासन व्यवस्थापन गरी कर्मचारीको समग्र वृत्ति विकास र कार्यदक्षतालाई प्रभावकारी बनाउन उपसमिति गठन गरी आवश्यकता अनुसार कार्यहरु समिक्षा गर्ने व्यवस्था गरीएको छ । नेपाल राष्ट्र बैंकवाट समय समयमा प्राप्त निर्देशनलाई कडाईका साथ पालना गरिएको छ ।

(७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्‌घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२ ९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला –	प्रति तोला –	प्रति तोला –
११२२००	१११६५०	१४२५

बागलुङ जिल्लाको खनियाघाट गाउँ । बागलुङ र पर्वतको सीमामा पर्ने खनियाघाट गाउँ दुवै भेगका पहाडी वस्तीका लागि दैनिक उपभोग्य सामग्रीहरूको खरिदका लागि बजारको केन्द्र बनेको छ । कालिगण्डकी नदिले बागलुङ र पर्वत दुई जिल्लासमेत छुट्याएको छ । *तस्बिरः डम्मर बुढामगर/रासस*

मल कालोबजारी गर्ने पसलमा प्रशासनको छापा, पसलमा सिलबन्दी

■ **प्रभाव संवाददाता**

भक्तपुर– जिल्ला प्रशासन कार्यालय भक्तपुरले मलको अभाव देखाउँदै बढी मूल्य लिएर रासायनिक मल बिक्री गर्ने पसलहरूमा धमाधम छापा मार्दै कारबाही गर्ने अभियान सञ्चालन गरेको छ ।

अभियानअन्तर्गत शुक्रबार जिल्ला प्रशासन कार्यालय भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी डोलेन्द्र निरौलाको नेतृत्वमा गएको टोलीले अनुदानको रासायनिक मल बढी मूल्य लिएर बिक्री गर्ने भक्तपुर नगरपालिका-१० कमलविनायकस्थित न्हुँछेभक्त कटुभाजुले सञ्चालन गरेको एनबी मल पसलमा छापा मारी सिलबन्दी गरेको हो ।

नेपाल सरकारको अनुदान प्राप्त रासायनिक मल कालोबजारी गरी बिक्री गरेको उपभोक्ताको गुनासो आउने बित्तिकै जिप्रका भक्तपुरको टोलीले उक्त पसलमा छापा मारी गैरकानुनी रूपमा भारतबाट ल्याएको अवैध मल रु दुई हजार एक सयमा बिक्री गरेको पाइएपछि मल बरामद गर्दै पसल सिलबन्दी गरिएको प्रजिअ खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

प्रजिअ रिजालले भने, ‘उक्त मल पसलबाट कालोबजारी गरी महँगो मूल्य लिएर बिक्री गर्दै गरेको अवैध एक सय २९ बोरा रासायनिक मल बरामद गरेका छौँ, त्यसमध्ये २० वटा बोरामा कृषि सामग्री लिमिटेड लेखिएको छ, अरू बोरामा नेपालमा बिक्री वितरण गर्ने भनी उल्लेख गरिएको छैन, त्यस्तो मल अवैध हो, त्यस मल पसललाई सिलबन्दी गरी थप अनुसन्धान सुरु गरेका छौं ।’

जिल्ला प्रशासनको टोलीलाई मल बिक्रेता कटुभाजुले मल खरिदको बिल समेत देखाउन नसकेको जानकारी दिंदै उनले मल बिक्री गर्दा एग्रो वर्ल्ड ललितपुर लेखिएको बिल दिने गरेको पाइएकाले आवश्यक कारबाही गरिने बताए ।

जिप्रका भक्तपुरले धान रोपाइँको समयमा मल अभाव देखाउँदै कालोबजारी गर्ने गरेको पाएपछि भक्तपुरका मल पसलहरूमा अब आकस्मिक अनुगमन गर्ने अभियान नै सञ्चालन गर्ने भएको छ । कालोबजारी गरेर कतै मल बिक्री गर्ने गरेको पाइए तत्काल खबर गर्न उपभोक्ताहरूलाई आग्रह गरेको छ ।

‘सुशासनका लागि मर्यादित लेखा व्यवसाय आवश्यक’

■ **प्रभाव संवाददाता**

काठमाडौं– अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक सुशासन र पारदर्शिताका लागि मर्यादित लेखा व्यवसाय आवश्यक रहेको बताएका छन् ।

नेपाल अडिटर्स एसोसिएसन (अडान)को १८औं स्थापना दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा अर्थमन्त्री डा. महतले लेखा (एकाउन्टिङ) लेखापरीक्षण (अडिटिङ) आर्थिक सुशासनसँग जोडिएको विषय रहेको बताएका हुन् । ‘आर्थिक पारदर्शिताको सुनिश्चितताका लागि अकाउन्टिङ र अडिटिङको महत्वपूर्ण भूमिका रहन्छ । हरेक क्षेत्रमा हिसाबकिताब चुस्तदुरुस्त छ वा छैन भनेर हेर्ने जिम्मेवारी अडिटरको हुन्छ’, उनले भने ।

कोभिड-१९ महामारीयता अर्थतन्त्रमा एकपछि अर्को समस्या देखिँदै गए पछि पछिल्लो समय सुधारका सङ्केत देखिएको भन्दै उनले सरकारले वित्त तथा मौद्रिक नीतिमार्फत अर्थतन्त्र सुधारका लागि अधिकतम प्रयास गरेको दाबी गरे । अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि मौद्रिक नीतिमार्फत केही महत्त्वपूर्ण प्रयास थालिएको पनि उनको भनाइ छ । ‘अर्थतन्त्रमा समस्या थियो र केही समस्या अझै पनि छन् । त्यसको सम्पूर्ण समाधान मौद्रिक नीति मात्रै होइन’, उनले भने, ‘मौद्रिक नीतिमा हामीले खुकुलोपन र सहजता खोजेका थियौं । केही सम्बोधन भएको छ । तर निजी क्षेत्रले खोजेजस्तो अझै भएको छैन ।’

अर्थमन्त्री डा. महतले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जा मार्गदर्शन संशोधन गर्ने बताइसकेकाले चाँडै त्यसबारे निर्णय हुनेमा विश्वास व्यक्त गरे । बैंक तथा वित्तीय क्षेत्रमा तरलता बढाउने, लगानी वृद्धि गर्नेलगायतका सुधारका लागि उचित वित्त नीति र मौद्रिक नीतिको अवलम्बन भएको पनि उनको दाबी छ । सरकारले लक्ष्यअनुसार पुँजीगत खर्च गर्न नसक्दा पनि अर्थतन्त्रमा समस्या देखिएको उल्लेख गर्दै अर्थमन्त्री महतले चालु आर्थिक वर्षमा पुँजीगत खर्च लक्ष्यअनुसार नै हुनेमा आशावादी रहेको बताए ।

‘पूँजीगत शीर्षकमा हामीले बजेट धेरै राख्न सकेनौं । तर छुट्याइएको बजेटलाई पूर्णरूपले खर्च गर्न सक्यौं भने यसले अर्थतन्त्रमा तरलता बढाउँछ’, अर्थमन्त्री महतले भने । कोभिड महामारीका कारण लामो समयसम्म पनि मुलुकको अर्थतन्त्रमा सुधार हुन नसकेको उल्लेख गर्दै अर्थमन्त्री महतले महामारीको नकारात्मक प्रभाव अहिलेसम्म देखिइरहेको बताए । अर्थतन्त्र सुधारोन्मुख रहेको र विगतमा सरकारबाट भएका केही गलत निर्णयका कारण अहिले धेरै दायित्व थपिएको पनि उनको भनाइ छ ।

‘धेरै कुरा हामी घोषणा गर्छौं तर त्यो घोषणाको अन्तरनिहीताको गम्भीरतामा हामी सोच विचार गर्दैनौं । त्यस्ता घोषणाले आइपर्ने दायित्व हेर्दैनौं । जसले गर्दा धेरै समस्या आएको छ’, अर्थमन्त्री डा. महतले भने, ‘विचार नपुर्याई गरेका निर्णयले समस्या बढेका छन् । यसलाई सफा गर्न समय लाग्छ । हामीले सफाइको सुरुआत गरिसकेका छौं ।’

नेपाल अडिटर्स एसोसिएशन (अडान)ले आफ्नो १८औं स्थापना दिवससँगै ‘अडान डे’ पनि मनाएको छ । अडान डेका अवसरमा आज आयोजित कार्यक्रममा विभिन्न तीनवटा विषयमा कार्यक्रम प्रस्तुत भएका थिए ।

करका दरमा बारम्बार हुने परिवर्तनले लगानीमा परेको जोखिम, साना तथा मझौला निकायमा वित्तीय प्रतिवेदनमा वर्तमान अवस्था र आगामी कार्य र पछिल्लो आर्थिक स्थिति मौद्रिक नीतिको व्यवस्था विषयमा कार्यपत्र प्रस्तुत भएका थिए । अडानका अध्यक्ष केदारनाथ पौडेलले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट नेपाल अडिटर्स एसोसिएसनलाई व्यावसायिक लेखा व्यवसाय (प्रोफेसनल अकाउन्टेन्ट)को छोटो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त भएको बताए । यसले अकाउन्टिङ व्यवसायलाई थप मर्यादित र जिम्मेवार बनाउन सहयोग पुर्याउने अपेक्षा गरिएको उनको भनाइ छ । ‘अडान डे’का अवसरमा रक्तदान कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।

तनहुँमा २९ करोडको सुन्तला उत्पादन

तनहुँ– तनहुँमा एक वर्षको अवधिमा रु २९ करोडको सुन्तला उत्पादन भएको छ । जिल्लामा उत्पादित अधिकांश सुन्तला जिल्ला बाहिर निर्यात भएको छ ।

आर्थिक वर्ष २०७९/८० मा जिल्लामा नौ हजार छ सय ४५ मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उक्त सुन्तला बिक्री गरेर कृषकले रु २९ करोड आम्दानी गरेको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिए । उक्त आवमा एक हजार छ सय दश हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको थियो ।

आव २०७८/७९ मा नौ हजार पाँच सय दश मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । त्यस वर्ष एक हजार चार सय ८० हेक्टरमा सुन्तला खेती गरिएको थियो । त्यस्तै आव २०७७/७८ मा रु २६ करोड ५० लाख बराबरको सुन्तला उत्पादन भएको थियो । त्यसवर्ष एक हजार चार सय ६० हेक्टर क्षेत्रफलबाट नौ हजार तीन सय १० मेट्रिक टन सुन्तला उत्पादन भएको कार्यालयको तथ्याङ्क छ ।

तिवारीले भने, ‘प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषक यसतर्फ आकर्षित हुँदै गएका छन् ।’ जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तला खेती कृषकलाई बगैंचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । उनले भने, ‘कृषकलाई सुन्तला बगैंचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौं ।’

तिवारीका अनुसार देवघाट गाउँपालिका-२ र ३, आँबुखैरेनी गाउँपालिका-५, म्याग्दे गाउँपालिका-४, व्यास नगरपालिका-७, १३ र १४, भिमाद नगरपालिका-८ र ९, बन्दीपुर गाउँपालिका-३, ऋषिङ गाउँपालिका-३ र घिरिङ गाउँपालिकामा सुन्तला खेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैंचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायतका ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् ।

ज्ञान केन्द्रले चालु आव २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरेको छ । कार्यालयले कृषकलाई बगैंचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ । केन्द्र प्रमुख तिवारीले भने, ‘भानु नगरपालिकाको रूपाकोटबाहेक सबै पालिकामा सुन्तला उत्पादन राम्रो भएको छ ।’

जिल्लाका स्थानीय तहले पनि सुन्तला खेती गर्ने कृषकलाई सहयोग गर्दै आएको छ । बन्दीपुर गाउँपालिकाले सुन्तला खेतीलाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गरेपछि यहाँ सुन्तला उत्पादनमा वृद्धि भएको छ । कुनै समयमा बन्दीपुरमा सुन्तला उत्पादन अत्यधिक हुने गर्दथ्यो । केही वर्षअघि सुन्तलामा लाग्ने भाइरसका कारण बिरुवा मर्दै जान थालेपछि सुन्तला उत्पादनमा ह्रास आएको थियो । केही वर्षयता पुनः बन्दीपुरमा सुन्तला उत्पादनमा वृद्धि हुन थालेको छ । केही वर्षयता गाउँपालिकालगायतका विभिन्न निकायबाट सुन्तला पकेट क्षेत्र घोषणा गरी विभिन्न कार्यक्रममार्फत उक्त भाइरसको निदान गरी सुन्तला जोगाउन थालिएको छ । बन्दीपुर-३ स्थित रामकोट, तामुङडाँडा, वडा नम्बर ५ को झारगाउँ, फलामडाँडा र वडा नम्बर ६ को काफलस्वाँरा, लखनबारी, घमलछाप, आँडटारीलगायत ठाउँ सुन्तला खेतीको पकेट क्षेत्र हुन् ।

बर्सेनि व्यावसायिकरूपमा उत्पादन हुँदै आएको सुन्तला गत वर्षभन्दा २५ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष बन्दीपुरमा मात्रै एक सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको छ । काफलस्वाँरा कृषक समूहबाट मात्रै करिब छ सय क्विन्टल सुन्तला उत्पादन भएको समूहका अध्यक्ष धनराज गुरुङले जानकारी दिए ।

बन्दीपुर मध्यपहाडी क्षेत्रमा पर्ने हुँदा यो क्षेत्र सुन्तला उत्पादनका लागि उत्तम ठाउँ मानिएको छ । यहाँको हावापानी र माटो सुन्तला खेतीका लागि उपयुक्त रहेको गुरुङले बताए । उनले भने, ‘केही वर्ष पहिले बोटमा किरा लाग्यो, उपचार पाएनन् त्यसले गर्दा उत्पादनमा कमी आयो, तर अहिले त्यो समस्या छैन, मौसमले पनि साथ दियो ।’ उनका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष २५ प्रतिशतले बढी उत्पादन भएको छ । *रासस*

तेस्रोपटक महानिर्देशक बन्ने दौडमा सिंह

■ **प्रभाव संवाददाता**

काठमाडौं– विद्युत् विकास विभागमा महानिर्देशक बन्नका लागि सेटिङ शुरु भएको छ । यससँगै, दुई पटक महानिर्देशक बनिसकेका सहसचिव नवीनराज सिंह पुनः दोहोरिने सम्भावना बढेको छ ।

सिंह पहिलोपटक वर्षमान पुन ऊर्जामन्त्री हुँदा नियुक्ति भएका थिए र पछि जनार्दन शर्माको पालामा उनी महानिर्देशक बने । कांग्रेसनिकट सिंह गठबन्धन घटक कांग्रेसको शीर्ष नेताको दबाबमा वर्तमान ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतबाट तेस्रो पटक महानिर्देशक बन्ने दाउमा लागेको स्रोतले बताएको छ । उनी कोशी प्रदेशबाट ऊर्जा मन्त्रालय सरुवा भएर आएका छन् ।

मन्त्रालयको एक स्रोतका अनुसार ‘मन्त्रालयबाट लगभग उहाँलाई नै पठाउने तयारी छ । तर, उहाँले २ पटक महानिर्देशक हुँदा केही उल्लेखनीय काम गरेको जस्तो लाग्दैन । ’ ऊर्जामन्त्रीले चाहेको बेला विद्युत् विभागको महानिर्देशक फेर्न सक्छन् । हालका महानिर्देशक चिरञ्जीवी चटौतको ठाउँमा सिंहलाई ल्याउन लागिएको हो ।सिंह दुई पटक महानिर्देशक हुँदा उल्लेखनीय केही गर्न नसकेको भन्दै मन्त्रालयका कर्मचारी नै असन्तुष्ट रहेको पाईएको छ ।

निर्णय क्षमता र सबैलाई रिझाउन सक्ने खुबीका कारण सिंह नै महानिर्देशकको बलियो दाबेदार देखिएको मन्त्रीनिकट स्रोतले जनाएको छ । माओवादी वृत्तमा उनी प्रभावशाली देखिएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ